# राष्ट्रिय शहरी नीति, २०८१
# (National Urban Policy, 2024)

## "व्यवस्थित, समावेशी र समृद्ध शहर"




नेपाल सरकार

शहरी विकास मन्त्रालय

नेपाल सरकार

**शहरी विकास मन्त्रालय**

# राष्ट्रिय शहरी नीति

# २०८१

# National Urban Policy
# 2024

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत

मिति २०८१/०८/२८

प्रकाशक : शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौ
प्रकाशन मिति : फागुन २०८२
प्रकाशन प्रति : १००० (पहिलो प्रकाशन)
सर्वाधिकार : शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौ
मुद्रण : क्यू एण्ड क्यू प्रेस, बानेश्वर (०१- ५१७२०९२)

# विषय सूची


- सार संक्षेप ............ क - ङ
१. पृष्ठभूमि ............ १
२. विगतका प्रयास ............ २
३. वर्तमान अवस्था ............ ४
४. समस्या, चुनौती र अवसर ............ ५
५. शहरी नीतिको आवश्यकता ............ ७
६. दूरदृष्टि ............ ९
७. लक्ष्य ............ ९
८. उद्देश्य ............ ९
९. नीति ............ १०
१०. रणनीति ............ १०
११. कार्यनीति ............ ११
१२. नीति कार्यान्वयनको जिम्मेवारी ............ २४
१३. संस्थागत व्यवस्था ............ २७
१४. आर्थिक पक्ष ............ २९
१५. कानूनी व्यवस्था ............ २९
१६. अनुगमन तथा मूल्याङ्कन ............ ३०
१७. नीति कार्यान्वयनको जोखिम र न्यूनीकरणका उपायहरू ..... ३०
१८. खारेजी ............ ३१
- अनुसूचीहरू ............ ३२–४७

# सार संक्षेप (Executive Summary)

शहरीकरण निरन्तर प्रक्रिया र बहुआयामिक क्षेत्र हो । योजनाबद्व, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकासले नागरिक जीवनको गुणस्तर अभिवृद्धि गर्न र उत्पादनका साधन एवं विकास खर्चको उत्पादकत्व बढाउन सहयोग गर्दछ । नेपालमा बसाइँ सराइका कारण तीव्र भइरहेको शहरीकरणलाई व्यवस्थित गरी सबैको लागि स्तरीय, पर्याप्त र सुरक्षित शहरी सेवासुविधा उपलब्ध गराउन संघ, प्रदेश र स्थानीय सरकारबिच प्रभावकारी समन्वय र सहकार्य हुनु जरुरी छ ।

नेपालको संविधान कार्यान्वयनबाट भएको राज्यको पुनःसंरचना पश्चात नेपालमा हाल ७ प्रदेश, २९३ नगरपालिका र ४६० गाउँपालिकाहरू रहेका छन् । साधारणतया आम नागरिकले नगरपालिका भनेको शहर र गाउँपालिका भनेको गाउँ भनी बुझ्ने प्रचलन छ । तथापि, पछिल्लो जनगणना, २०७८ पछि भएको नेपालमा ग्रामीण र शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण (DEGURBA) अध्ययनले शहरी क्षेत्र, अर्ध-शहरी क्षेत्र र ग्रामीण क्षेत्रमा क्रमशः२७.०७, ३९.७४ र ३३.१९ प्रतिशत जनसङ्ख्या रहेको देखाएको छ । त्यसै गरी, शहरी विकास तथा भवन निर्माण विभाग र त्रि.वि. भूगोल केन्द्रीय विभागले २०७० को दशकमा गरेको नेपालका बस्तीहरूको तहगत अध्ययनले नेपालमा ४०० भन्दा बढी बजार केन्द्रहरू र करिब १५० हाराहारीमा साना शहरहरू रहेको देखाएको थियो । यस हिसाबले, नेपालको शहरी प्रणालीमा प्रधान शहर (Primate City) को रूपमा काठमाडौं महानगरपालिका रहेको छ भने त्यस पछि क्रमशः अन्य महानगरपालिकाहरू, उप-महानगरपालिकाहरू, नगरपालिकाहरू, मझौला र साना शहरहरू, बजार केन्द्रहरू र पृष्ठ प्रदेशका क्षेत्रहरू रहेका छन् ।

राष्ट्रिय शहरी नीति २०८१, विभिन्न सन्दर्भ सामग्रीको अध्ययन, समीक्षा तथा विश्लेषण, शहरी योजना तथा विकासको क्षेत्रमा क्रियाशील विभिन्न निकाय सरोकारवाला समूहहरूसँग छलफल तथा प्रमुख व्यक्तिहरूसँगको अन्तरवार्ता प्रादेशिक तथा स्थानीय सरकारका प्रतिनिधि, शहरी योजनाकार तथा अन्य सरकारी तथा निजी सरोकारवालाहरू समेतको उपस्थितिमा प्रादेशिक गोष्ठी तथा केन्द्रीय स्तरको कार्यशाला गोष्ठी आयोजना गरी प्राप्त राय सुझाव तथा विषयगत

टिप्पणीहरू यथोचित रुपमा समावेश गरी तर्जुमा गरिएको छ । नेपालको राज्य पुनर्संरचना, शहरीकरणको परिदृष्यमा आएको परिवर्तन, अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका "दिगो शहर तथा समुदाय (SDG-११)" र "सबैका लागि शहर (New Urban Agenda)" लगायतका प्रतिबद्वताहरू समेतलाई यस नीतिमा सम्बोधन गरिएको छ ।

नेपालमा हालसम्म बसोबास (बस्तीको योजना र विकास) सम्बन्धी छुट्टै नीति नरहेको हुँदा भौतिक योजनाका आयामहरू र बस्ती विकास सम्बन्धी विषयहरू यस नीतिमा समेट्ने प्रयास गरिएको छ । यस हिसाबले शहरी नीतिमा क्षेत्रीय तथा शहरी योजना, शहरी- ग्रामीण अन्तरसम्बन्ध (Rural- Urban Linkage), बस्ती प्रारुप (Morphology) को संरक्षण र पूर्वाधार विकासका आयामहरूलाई समेटिएको छ । अर्थात, शहर विकासको स्थलीय आयाम (Spatial Dimension) का साथै सामाजिक-आर्थिक आयामहरू (Social & Economic Dimension) यस नीतिमा समेट्ने प्रयास गरिएको छ ।

राष्ट्रिय शहरी नीति, २०८१ को दूरदृष्टि "व्यवस्थित, समावेशी र समृद्ध शहर" छ भने "सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा शहरी योजना, निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यम मार्फत उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्नु" उद्देश्य रहेको छ । उल्लेखित दूरदृष्टि र उद्देश्य प्राप्तिका लागि "सन् २०३६ सम्ममा शहरी पूर्वाधारहरूको अवस्था मापन सूचक (UICI) लाई कम्तिमा ५० प्रतिशत पुर्‍याई औसतमा १५% ले वृद्धि गर्ने" महत्वाकांक्षी तर मापनयोग्य लक्ष्य नीतिले लिएको छ । नीतिमा समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्ने, उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने, व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने र अन्तर-क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने चार वटा नीति, १६ वटा रणनीति, ८९ वटा कार्यनीति तय हुनुका साथै संघ, प्रदेश र स्थानीय सरकारको नीति कार्यान्वयनको जिम्मेवारी समेत तोकिएका छन् ।

राष्ट्रिय शहरी नीति, २०८१ का प्रमुख रणनीति र कार्यनीतिहरू देहाय अनुसार छन् । समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरुपको विकास गर्ने नीतिको उद्देश्य हासिल गर्न शहर र शहरी प्रणालीबिचको अन्तरआबद्धता प्रर्वधन गर्ने, शहरी-ग्रामिण तथा

क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्ने, ठूला शहरहरूलाई आर्थिक केन्द्रको रुपमा विकास गर्ने र मौलिक शहरी तथा बस्ती स्वरुपको संरक्षण गर्ने रणनीतिहरू लिइएको छ । उक्त रणनीतिहरू कार्यान्वयनका लागि शहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण र सेवा पूर्वाधारको मापदण्ड तोक्ने, यातायात केन्द्रित विकासलाई प्रोत्साहन, बृहत्तर शहरी क्षेत्र र शहरी आर्थिक करिडोरको एकीकृत विकास, योजनाबद्ध र एकीकृत बस्ती निर्माण, साना शहर, बजार केन्द्र र नयाँ शहरहरूको विकास मार्फत जनसङ्ख्यालाई यथास्थानमै राख्ने (retain गर्ने), सम्पदा बस्तीको निर्मित-वातावरणको संरक्षण र स्थानीय तहका केन्द्रको योजनावद्ध विकास गरिने लगायतका कार्यनीतिहरू प्रस्तुत छन् ।

उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने नीतिको उद्देश्य हासिल गर्न आधारभूत शहरी सेवा पूर्वाधारमा सबैको पहुँच सुनिश्चित गर्ने, एकीकृत रुपमा शहरी पूर्वाधारको स्तरोन्नती र विस्तार गर्ने, विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकीकरण गर्ने र शहरी पूर्वाधार सम्पत्तिको दिगो व्यवस्थापन र संचालन गर्ने रणनीतिहरू लिइएको छ । उक्त रणनीतिहरू कार्यान्वयनका लागि सुपथ आवासको व्यवस्था, सुरक्षित, पहुँचयुक्त र सुविधायुक्त यातायात पूर्वाधार निर्माणमा सहकार्य, एकीकृत शहरी पूर्वाधार (Utility Corridor) निर्माण, निजी क्षेत्र/संस्थागत क्षेत्र समेतको संलग्नतामा जग्गा एकीकरण विधिको विस्तारित र बहुउपयोगी उपयोग, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, शहरी जल सुरक्षा (Urban Water Management) को लागि समुदाय, नगर र क्षेत्रीय स्तरमा जल व्यवस्थापनको दिगो पूर्वाधार निर्माण, पूर्वाधार निर्माणमा हरित सामग्री र प्रविधिलाई प्रोत्साहन, शहरी सेवा पूर्वाधारहरूको डिजिटल अभिलेख, मर्मत सुधार र निरन्तर संचालनको लागि बिमा तथा प्रतिकार्य संयन्त्रको व्यवस्था लगायतका कार्यनीतिहरू रहेका छन ।

त्यसै गरी, व्यवस्थित शहरी विकासका लागि श्रोत साधनको उच्चतम परिचालन गर्ने नीतिको उद्देश्य हासिल गर्न बहुक्षेत्रगत लगानी योजना (MSIP) तर्जुमा र कार्यान्वयन गर्ने, वैकल्पिक वित्तीय उपकरण र श्रोत साधनको परिचालन गर्ने, निजी क्षेत्र, संस्थागत क्षेत्र र समुदायको साझेदारीता प्रवर्धन गर्ने र अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलापलाई आवद्ध गर्ने रणनीतिहरू लिइएका छन् । उक्त रणनीतिहरू

कार्यान्वयनका लागि अधिकतम प्रतिफल दिने रुपान्तरणकारी पूर्वाधारको प्राथमिकीकरण गरी लगानीलाई दिशानिर्देश गर्ने, योजना बाहेकका परियोजनामा लगानी निरुत्साहित गर्ने, श्रोत साधनको विविधीकरण गरी वैकल्पिक वित्तीय श्रोत साधन परिचालन, शहरी पूर्वाधारका लागि उपयुक्त जग्गा व्यवस्थापन, हरित कोष/जलवायु कोष लगायतका श्रोतमाथिको पहुँच स्थापना, निजी तथा संस्थागत क्षेत्रको श्रोत परिचालन, एवं अनौपचारिक क्षेत्रको क्षमतावृद्धि सहित शहरी अर्थतन्त्रमा आवद्धता लगायतका कार्यनीतिहरू लिइएका छन ।

अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने नीतिको उद्देश्य हासिल गर्नका लागि सरोकारवालाको क्षमता अभिवृद्धि, सम्पर्क र समन्वय गर्ने, तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको कानूनी आधार तय गर्ने, एकीकृत एवं स्फूर्त रुपमा शहरी सेवा प्रवाह गर्ने र शहरी योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने रणनीतिहरू प्रस्तुत गरिएका छन् । यी रणनीतिहरू कार्यान्वयनका लागि शहरी विकासका असल अभ्यास, सिकाई तथा अनुसन्धानको विस्तार, राष्ट्रिय भवन संहिता र निर्माण मापदण्डको कार्यान्वयन, फोहोरमैलाको श्रोतमै वर्गिकरण सहित उचित व्यवस्थापन, हरित र खुल्ला क्षेत्र संरक्षण लगायतलाई शहरी लगानीको पूर्वशर्तको रुपमा लिइने, शहरी सूचना व्यवस्थापन प्रणालीको व्यवस्था, शहरी/बस्ती विकास सम्बन्धी कानूनको तर्जुमा, तहगत शहरी योजना र विकासको कामलाई प्रदेश र स्थानीय तहमा हस्तान्तरण, भौगोलिक विविधता सुहाउँदो पूर्वाधार निर्माण र मापदण्ड तर्जुमा, शहरी सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम उपयोग लगायतका कार्यनीतिहरू रहेका छन् ।

संस्थागत रुपमा यस नीतिले शहरी विकासको कामलाई एकीकृत तथा समन्वयात्मक रुपमा गर्न गराउन शहरी विकास मन्त्रीको अध्यक्षतामा "राष्ट्रिय शहरी विकास (समन्वय) परिषद्" एवं शहरी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा "शहरी विकास निर्देशक समितिको" व्यवस्था गरेको छ । त्यसैगरी, शहरी विकासको क्षेत्रमा क्रियाशील निकायहरू बिच ज्ञानको आदान-प्रदान र साझेदारीता अभिवृद्धिका लागि राष्ट्रिय शहरी मञ्च गठनको व्यवस्था रहेको छ ।

नेपालमा नीति कार्यान्वयन कानुनी बाध्यताको विषय हुँदैन; तथापि क्षेत्रगत विकासलाई दिशानिर्देश गर्न यो महत्वपूर्ण दस्तावेज हो । राष्ट्रिय शहरी नीति,

२०८१ शहरी विकास मन्त्रालय गठनको १२ वर्षमा आएको पहिलो नीति हो । यसलाई नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय शहरी विकास रणनीति, २०७३ र १६ औँ आवधिक योजनाको "योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास" को उद्देश्यसँग तालमेल हुने गरी ल्याइएको छ भने देशको शहरीकरणलाई व्यवस्थित गर्ने सन्दर्भमा शहरी तथा बस्ती विकास ऐन ल्याउन यो पहिलो खुट्किलो पनि हो । देशको शासकीय प्रणाली तीन तहको भएता पनि शहरी विकासको भूगोल एउटै भएकाले तहगत सरकारको कार्यहरूलाई स्थलीय योजना मार्फत समन्वयको प्रयास गर्दै संघीयताको मर्म अनुरूप नीति कार्यान्वयनमा तीनवटै तहको सरकारको जिम्मेवारीको किटानी नीतिमा गरिएको छ । नीतिले शहरी विकासका लागि श्रोतसाधनको विविधीकरण सहित प्रभावकारी शहरी लगानीको लागि नयाँ ढोकाहरू खोलेको छ । आधारभूत शहरी पूर्वाधारमा सबैको पहुँच सुनिश्चितता सहित जलवायु परिवर्तन र बढ्दो विपद्को प्रभाव न्यूनीकरणका लागि उत्थानशील पूर्वाधार निर्माणमा जोड दिइएको छ ।

अन्त्यमा, यस शहरी नीतिको प्रभावकारी कार्यान्वयनले राष्ट्रिय, प्रादेशिक र स्थानीय शहरी प्रणालीहरू विकसित भई सुदृढ अन्तर-शहरी तथा शहरी-ग्रामीण सम्बन्धका माध्यमबाट शहरी केन्द्रहरूको आर्थिक र कार्यात्मक आधारलाई दरिलो बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यो नीति तर्जुमामा प्रत्यक्ष र परोक्ष भूमिकाका लागि सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दै नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी योजनावद्ध, व्यवस्थित, समावेशी र समृद्ध शहर निर्माण गर्न तीनै तहका सरकार र सरोकारवालाहरूको रचनात्मक सहयोग र सहकार्यका लागि शहरी विकास मन्त्रालय हार्दिक अपिल गर्दछ ।

# राष्ट्रिय शहरी नीति, २०८१

## १. पृष्ठभूमि

सघन जनघनत्व र गैह्रकृषि आर्थिक क्रियाकलापको बाहुल्य भएको स्तरीय सेवा सुविधा प्रवाह गर्न सक्ने बस्तीको उच्चतम रूप शहर हो । शहरले मानिसलाई बसोबास गर्न, काम गर्न र मनोरञ्जन प्राप्त गर्न स्थान दिन्छ । शहरमा मानिसका जन्मदेखि मृत्युसम्मका आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न सक्ने पूर्वाधारको उपलब्धता हुनुपर्दछ । शहर मानव सभ्यता र विकासको मानकको रूपमा रहि आएको छ । पूर्वाधार विकास, आर्थिक क्रियाकलाप, औद्योगिकरण र बसाइँसराई लगायतका शहरी विकासका प्रमुख संवाहकहरूको वृद्धिसँगै शहरीकरण बढ्दै गएको छ । व्यवस्थित शहरका लागि उचित भूउपयोग, सुव्यवस्थित निर्मित क्षेत्र र सहज आवागमन प्रणालीलाई तीन मुख्य अवयवका रूपमा लिइन्छ । ग्रामीण विकासको तुलनामा शहरी विकास बहुआयामिक विषय भएकोले शहरी विकासमा धेरै वटा निकायहरूबिचको नीतिगत सामञ्जस्यता, विज्ञता, समन्वय र कार्यात्मक अन्तरआवद्धता आवश्यक रहन्छ ।

राष्ट्रिय शहरी नीति, २०६४ ले कम्तीमा पाँच हजार जनसङ्ख्या, १० व्यक्ति प्रतिहेक्टर जनघनत्व, १० वर्ष भन्दा माथिका कुल जनसङ्ख्या (विद्यार्थी बाहेक) मध्ये कम्तीमा ५० प्रतिशत औद्योगिक, व्यापारिक तथा अन्य सेवा जस्ता गैर कृषि क्षेत्रका क्रियाकलापमा आबद्ध रहेको र क्रमबद्ध रूपमा भौतिक विकास एवं विस्तार भएको बस्तीलाई शहर (Urban Area) मानेको थियो भने, कानून बमोजिम घोषणा गरिएको शहरी क्षेत्र र त्यसको व्यवस्थापन सम्बन्धी संरचनालाई नगरपालिका (Municipality) परिभाषित गरेको थियो । विभिन्न राष्ट्रहरूमा शहरको परिभाषा फरक फरक भएको सन्दर्भमा संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद् (UN–ECOSOC) ले विश्वव्यापी रूपमा शहरलाई परिभाषित गर्ने क्रममा लिइएको आधार अनुसार शहरीकरणको श्रेणीगत वर्गीकरण (Degree of Urbanization - DEGURBA) ले ५०,००० जनसङ्ख्या तथा न्यूनतम १५०० प्रतिवर्ग कि.मी. जनघनत्व भएकोलाई शहरी केन्द्र, तथा ५००० जनसङ्ख्या तथा न्यूनतम ३०० देखि १५०० प्रतिवर्ग कि.मी. जनघनत्व भएकोलाई अर्ध-शहरी केन्द्र मानेको छ ।

शहरीकरण ग्रामीण बस्तीको रूपान्तरण, शहरको स्थापना र विस्तारको प्रक्रिया हो । नेपालको वर्तमान सामाजिक, आर्थिक, राजनीतिक परिवेशका कारण गाउँ बस्तीहरूबाट अत्यधिक बाह्य बसाइँसराइका कारण तीव्र शहरीकरण भइरहेको हुँदा यसको समूचित व्यवस्थापन गर्न आवश्यक भएको छ। अन्तरनिर्भरतामा रहेका पृष्ठ प्रदेशका भूभाग, बजार केन्द्र, साना शहर, मझौला शहर लगायत ठूला शहरी आर्थिक केन्द्र समेटिएको समग्र शहरी प्रणालीको योजना, विकास र व्यवस्थापन यस सन्दर्भमा महत्वपूर्ण हुन्छ।

## २. **विगतका प्रयास**

सप्तरी जिल्लाको हनुमान नगरका बासिन्दालाई पुनर्स्थापना गराउन सन् १९३८ मा राजविराजबाट आधुनिक बस्ती विकास योजनाको अभ्यास नेपालमा शुरू भएको थियो । सन् १९६० को दशकमा रणनीतिक रूपमा हिमाल र पहाडमा प्राकृतिक प्रकोपबाट विस्थापित परिवारहरूलाई तराईको समथर मैदानमा बसाइँसराइको क्रममा थप योजनावद्ध बस्ती विकासको प्रयास भएको देखिन्छ । सन् १९६९ मा तर्जुमा गरिएको काठमाडौं उपत्यकाको भौतिक विकास योजना (Physical Development Plan) बाट नेपालमा स्थलीय योजना (Spatial Planning) स्थापित भयो । पाँचौं पञ्च वर्षीय आवधिक योजनाबाट निर्देशित रही सन् १९७० को दशकमा चारवटा क्षेत्रीय सदरमुकाम (धनकुटा, पोखरा, सुर्खेत र दिपायल) को भौतिक विकास गुरुयोजना तर्जुमा र कार्यान्वयनबाट नेपालमा क्षेत्रीय विकासको अवधारणा आयो। त्यसै गरी सन् १९८० को दशकमा तत्कालीन शहरी केन्द्रहरूको संरचनागत योजना (Structure Plan) तर्जुमा भई कार्यान्वयन पनि आरम्भ भयो । ती शहरहरू मध्ये महेन्द्रनगर, टीकापुर, वीरेन्द्रनगर, कोहलपुर, घोराही, तुलसीपुर, दमौली, भरतपुर, हेटौंडा, लहान, दुहबी, विराटनगर, धरान जस्ता शहरहरू योजनावद्ध शहरको रूपमा रहेका छन् । सन् १९९० को दशकमा एकीकृत कार्यमूलक योजना (Integrated Action Plan) प्रचलनमा रहेका भएपनि वि.सं. २०५५ मा आवधिक योजना (Periodic Plan) मा रूपान्तरण गरी सबै नगरपालिकाको हकमा अनिवार्य गरी एक्काइसौं शताब्दीको पहिलो दशकसम्म प्रचलनमा रह्यो । सन् २००१ मा काठमाडौं उपत्यकाको दीर्घकालीन विकास योजना (सोच २०२०) तर्जुमा भयो । सेवा सुविधा विकास, निर्देशित

जग्गा विकास तथा जग्गा एकीकरण जस्ता जग्गा विकासका माध्यमबाट नेपालमा स्थानीय योजना कार्यान्वयन हुँदै आएको पाइन्छ । यी यावत् भौतिक विकास योजनाका अभ्यासहरूको बावजुद पनि नेपालका प्रमुख शहरी केन्द्रहरूको निर्दिष्ट शहरी विकास योजना कार्यान्वयन गर्ने ठोस कानूनी र संस्थागत संयन्त्र स्थापना गर्न सकिएन ।

विश्वस्तरमा भइरहेको तीव्र शहरीकरणलाई समेत मध्यनजर गरी नेपालको शहरीकरणलाई व्यवस्थित गर्न सन्तुलित राष्ट्रिय शहरी स्वरूप हासिल गर्ने, शहरी वातावरणीय सुधार तथा शहरी व्यवस्थापन प्रभावकारी बनाउने उद्देश्य सहित राष्ट्रिय शहरी नीति, २०६४ लागु भयो । नीति कार्यान्वयनको शिलशिलामा शहरी-ग्रामीण अन्तरसम्बन्ध सुदृढ गर्ने उद्देश्यले आ.व. २०६७/६८ बाट मध्यपहाडी लोकमार्गमा पर्ने १० स्थानमा नयाँ शहर विकासको कार्य हुँदै आएको छ । नेपाल सरकारले वि.सं. २०६९ मा शहारी विकास मन्त्रालय गठन गरेसँगै शहरी क्षेत्रमा केन्द्रित भई थप अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यहरू भइरहेको छ । विद्यमान शहरीकरण र सम्भाव्यताको आधारमा राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको मध्य र दीर्घकालीन रणनीतिको विकास गर्ने उद्देश्यले राष्ट्रिय शहरी विकास रणनीति, २०७३ तर्जुमा गरिएको छ । उक्त रणनीतिले पहिचान गरेको शहरी क्षेत्रका तुलनात्मक लाभको फाइदा लिन अत्यावश्यक पूर्वाधारमा लगानी निर्देशित गर्दै अपेक्षित मानक र स्तर अनुसार हुने गरी शहरी विकासका क्षेत्रमा लगानी हुँदैआएको छ । साथै, तुलनात्मक रूपमा बढी जनघनत्व र पूर्वाधारको अवस्था कमजोर रहेका नगरपालिकाहरूमा सघन शहरी कार्यक्रममार्फत भौतिक, सामाजिक र आर्थिक पूर्वाधार निर्माणमा लगानी गरिदै आएको छ । क्षेत्रीय शहरी विकास आयोजना, शहरी शासकीय सुधार आयोजना लगायत आयोजनाहरू मार्फत विकास साझेदारको लगानीमा क्षेत्रीय शहरी विकासको क्षेत्रमा कार्य हुँदैआएको छ । त्यसैगरी शहरी योजनालाई शहरी विकासको अभिन्न अङ्गको रूपमा लिई १८५ वटा नगरपालिकाहरूको एकीकृत शहरी विकास योजना (Integrated Urban Development Plan) तर्जुमा गरिएको छ भने बाँकी नगरपालिकाहरूकोयोजना तर्जुमा गर्ने कार्य भईरहेको छ । नगर विकास कोषमार्फत शहरी पूर्वाधार विकासका लागि वैकल्पिक वित्तीय उपकरण प्रवर्धन हुँदै आएको छ ।

## ३. वर्तमान अवस्था

नेपालमा वि.सं. २०६८ सम्म ५८ वटा नगरपालिका रहेकोमा पछिल्लो समयमा राज्यको पुनःसंरचनासँगै नगरपालिकाहरूको संख्या २९३ हुन पुगेको छ। ग्रामीण बाहुल्य क्षेत्रहरू समेत समेटेर नगरपालिकाहरू गठन भएको हुँदा २०७८ को जनगणनानुसार हाल नगरपालिकाहरूमा बसोबास गर्ने जनसङ्ख्या करिब ६६.०१ प्रतिशत पुगेको छ। तथापि निर्मित क्षेत्र र जनघनत्वको आधारमा नेपालको शहरी जनसङ्ख्या २७.०७ प्रतिशत र शहरोन्मुख (Peri- Urban) जनसङ्ख्या ३९.७५ प्रतिशत भएको पाइएको छ। विद्यमान नगरपालिकाहरूमा समेत भौतिक तथा सामाजिक पूर्वाधार, सेवा सुविधा र अवसरहरूमा ठूलो असमानता रहेको छ। राष्ट्रिय शहरी रणनीति, २०७३ का अनुसार शहरी पूर्वाधार अवस्था सूचकमा (काठमाडौं महानगरपालिका ०.९१ र गुलरिया नगरपालिका ०.१६ सहित) नगरपालिकाहरूबिचमा ठूलो अन्तर छ। काठमाडौं महानगरपालिकामा कुल क्षेत्रफलको ०.४८ प्रतिशत र ललितपुर महानगरपालिकामा ०.०६ प्रतिशत मात्र खुला क्षेत्र रहेकोबाट पनि शहरी क्षेत्रमा अत्यावश्यक सामाजिक पूर्वाधारको अभाव रहेको स्पष्ट हुन्छ। शहरमा जग्गा विकास कार्यक्रम लगायत योजनाबद्ध र संस्थागत प्रयासबाट करिब ६ प्रतिशत मात्रै विकसित घडेरी आपूर्ति हुन सकेको छ।

बसाइँसराइ र ग्रामीण-शहरी रूपान्तरणका कारण नगरपालिकामा बस्ने जनसङ्ख्यामा भएको वृद्धिले शहरी योजना तथा व्यवस्थापनको क्षेत्रमा थुप्रै चुनौतीहरू थपिएका छन् भने व्यवस्थित बसोबास विकासको अवसर समेत सिर्जना भएको छ। उपयुक्त स्थलीय योजना (Spatial Planning) र रणनीतिक लगानीबिना शहरहरू विस्तार हुँदै जाँदा वातावरणीय ह्रास, सेवा सुविधाको अपर्याप्तता, सम्पदायुक्त बस्ती र हरित क्षेत्रको विनाश, खाद्य सङ्कट एवं विपद् घटना वृद्धिका कारण नेपालले शहरीकरणको पर्याप्त लाभ लिन सकेको छैन। आवधिक योजना तर्जुमा गर्ने व्यवस्था भएता पनि शहरी विकासका लागि छाता ऐन नभएको अवस्थामा सरोकारवालाको स्पष्ट भूमिकासहित योजनाबद्ध, एकीकृत र तहगत विकास हुन सकेको छैन। पूर्वाधार मागको तुलनामा शहरी लगानी अझै अपर्याप्त रहेको अवस्थामा निजी तथा सार्वजनिक क्षेत्रसँगको लगानी, प्रविधि र कार्यात्मक साझेदारीमा अगाडि बढ्नु पर्ने आवश्यकता छ। जसले गर्दा शहरी संरचनामा

सन्तुलन र शहरी प्रणालीमा परिपक्वता ल्याउने छ। साथै, राज्यको तीन वटै तहका सरकारहरूको समन्वय र सहकार्यमा सेवा सुविधामा पहुँच बढाउनु छ भने शहरीकरणको व्यवस्थापनमार्फत भविष्यमा शहरहरू आकर्षणको केन्द्र बनाउनुका साथै शहर र बस्तीहरूको सञ्जालमार्फत वस्तु र सेवाहरूको विनिमयद्वारा राष्ट्रिय अर्थ प्रणालीमा सकारात्मक परिवर्तन ल्याउनुपर्नेछ।

## ४. **समस्या, चुनौती र अवसर**

### ४.१. **समस्या**

(क) हिमाली तथा पहाडी क्षेत्रबाट तराई तथा उपत्यकाहरूमा बसाइँसराइ क्रम बढ्नु, वि.सं. २०७८ को जनगणना अनुसार ३४ पहाडी जिल्लामा जनसङ्ख्या वृद्धि ऋणात्मक हुनु, १७ प्रतिशत भूभाग रहेको तराई क्षेत्रमा करिब ५४ प्रतिशत जनसङ्ख्यासहित शहरी प्रणाली तथा पूर्वाधारमा चाप हुनु,

(ख) बहुसंख्यक नगरपालिकाहरू शहरी भन्दा पनि ग्रामीण चरित्रको भएको सन्दर्भमा शहरी प्रणालीको सोपान अनुरूप सेवा तथा सुविधा पुऱ्याउन र शहरी क्षेत्रले पूर्वाधार सेवा र रोजगारीको मागलाई पर्याप्त मात्रामा सम्बोधन गर्न नसक्नु,

(ग) वातावरणीय ह्रास, भिडभाड, शहरी गरिबी, अव्यवस्थित शहरी बस्ती, बेरोजगारी र अपर्याप्त पूर्वाधार सेवा जस्ता अव्यवस्थित शहरीकरणका विषमताहरू रहनु तथा शहरी सेवा पूर्वाधारहरू अपाङ्गता, बालबालिका र जेष्ठ नागरिक मैत्री नहुनु,

(घ) स्थलीय योजना तर्जुमा र कार्यान्वयन, भूउपयोग तथा भौतिक विकासको नियमन, रणनीतिक पूर्वाधार निर्माणमा लगानी र शहरी व्यवस्थापनका औजार र साधनहरू पर्याप्त नहुनु,

(ङ) शहरीकरण प्रक्रियामा परम्परागत ज्ञान, अनुभव, सिप र प्रविधिको उपयोग हुन नसक्दा मौलिक वास्तुकला र सम्पदा बस्तीहरूको संरक्षण हुन नसक्नु,

(च) शहरी मामिला र शहरी विकासलाई प्रशासनिक दृष्टिकोणबाट सम्बोधन गर्न खोजिनु, शहरी योजना कार्यान्वयन र शहरी व्यवस्थापनमा प्राविधिक जनशक्तिको उपयोगमा कमी हुनु।

### ४.२. चुनौती

(क) शहरी सेवा र सुविधा पुऱ्याउने कार्यमा बहुसंख्यक निकाय, संघ तथा संस्थाहरू संलग्न रहेको सन्दर्भमा ती निकायहरूबिच समन्वय कायम गरी एकीकृत रूपमा सेवा पूर्वाधार प्रबन्ध गर्नु,

(ख) सार्वजनिक निजी साझेदारी लगायतका वैकल्पिक लगानीको महत्तम उपयोग सहित शहरी क्षेत्रमा अपेक्षित लगानी गर्नु,

(ग) शहरी पूर्वाधारहरू विपद् उत्थानशील र दिगो बनाउनु,

(घ) शहरीकरणका प्रयासबिच संघ, प्रदेश र स्थानीय तहबिच अन्तरतह तथा निकायगत सामञ्जस्यता तथा अन्तरआबद्धता गर्नु ।

### ४.३. अवसर

(क) विविधतामा एकता भएको नेपाली सामाजिक संरचनाको परिवेशमा विभिन्न शहर तथा बस्तीहरूका आ-आफ्नै विशिष्ट र पृथक पहिचान रहेकोले नेपाली मौलिक शहरहरू विकास गर्ने सम्भावना रहनु,

(ख) सङ्घीयता कार्यान्वयनसँगै स्थानीय तहको निर्वाचनबाट राजनीतिक दूरदृष्टि तथा इच्छाशक्तिसहितको सबल नेतृत्व भएकोले आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, लैङ्गिकमैत्री, ज्येष्ठ नागरिक र अपाङ्गतामैत्री, व्यवस्थित, समावेशी, आर्थिकरूपमा गतिशील र सुरम्य शहर निर्माण गरी मानवबस्तीलाई दिगो र उत्थानशील बनाउन अनुकूल वातावरण हुनु,

(ग) बसाइँसराइका कारण तीव्र भइरहेको शहरीकरणलाई व्यवस्थित गरी सबैको लागि स्तरीय, पर्याप्त र सुरक्षित शहरी सेवा सुविधा उपलब्ध गराई शहरीकरणको लाभ लिन सकिने सम्भावना रहनु,

(घ) योजनाबद्ध जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरूत्थान र सबै प्रकारको जग्गा चक्लाबन्दी गरी शहरी पूर्वाधारको लागि उपयुक्त जग्गा उपलब्ध गराउने विषयको राष्ट्रिय, अन्तर्राष्ट्रिय असल अभ्यास र सिकाइहरूलाई नेपालको परिप्रेक्ष्यमा उपयोग गरी व्यवस्थित र बसोबास योग्य शहर निर्माण गर्न सकिने वातावरण हुनु,

(ङ) शहरी योजनामा जलवायु परिवर्तन र विपद् व्यवस्थापनको पक्षलाई समेत समावेश गरी सुरक्षित, सुविधा सम्पन्न, सूचना प्रविधियुक्त, वातावरण मैत्री, दिगो, व्यवस्थित र भविष्यमुखी (Futuristic) शहरहरूको निर्माण तथा विकास गरी आकर्षणको केन्द्र बनाउने सम्भावना रहनु,

(च) सुकुम्वासी लगायत अव्यवस्थित बसोबासीको व्यवस्थापन गरी आवासको हक सुनिश्चित गर्ने अवसर रहनु,

(छ) देशभित्र र बाहिरबाट शहरी योजना तथा व्यवस्थापनमा योगदान पुऱ्याउने जनशक्ति वृद्धि भएको सन्दर्भमा सोको सदुपयोग गर्न सकिने वातावरण रहनु,

(ज) शहरी योजना, लगानी र व्यवस्थापनमा विकास साझेदारहरूको संलग्नता बढ्दै जानु,

(झ) दिगो विकास लक्ष्य (सन् २०१५-३०), नयाँ शहरी कार्यसूची (सन् २०१६- ३६), जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, विपद् जोखिम न्यूनीकरणको लागि सेण्डाई फ्रेमवर्क जस्ता नेपाल पक्ष राष्ट्र भई प्रतिबद्धता जनाएका शहरी विकास, विपद् वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने दस्तावेजहरूको कार्यान्वयन गर्नु ।

**५. शहरी नीतिको आवश्यकता**

वर्तमान राष्ट्रिय शहरी नीति, २०६४ तर्जुमा भएको डेढ दशकभन्दा बढी समय व्यतीत भइसकेको छ । यस अवधिमा नेपालको संविधान जारी भई राज्यको पुनर्संरचना समेत भएको र शहरी विकास, विपद् वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न दस्ताबेजहरू नेपाल सरकारबाट अनुमोदन भइसकेको सन्दर्भमा संविधानको मर्म र भावनाबमोजिम शहरी विकास नीतिमा समयानुकूल परिमार्जन आवश्यक भएकोले नयाँ नीति तर्जुमा गरिएको हो ।

निम्न आधार तथा कारणहरूले गर्दा राष्ट्रिय शहरी नीति, २०८१ आवश्यक देखिएको हो ।

(क) नेपालको संविधान जारी भई राज्यको पुनःसंरचना समेत भएको हुँदा

नेपालको संविधानको मर्म र भावनाबमोजिम नीतिमा परिमार्जन आवश्यक भएकोले

(ख) संघीय संरचनामा रूपान्तरित भएर मुलुकका तीनवटै तहमा निर्वाचित सरकारहरू क्रियाशील भइसकेको र शहरी विकाससँग सम्बन्धित निकायहरूको भूमिका र अधिकार क्षेत्रमा समेत परिवर्तन भएको सन्दर्भमा तदनुकूल भूमिका, काम, कर्तव्य तथा पारस्परिक समन्वयलाई परिभाषित गर्नु आवश्यक भएकोले

(ग) शहरी विकाससँग सम्बन्धित राष्ट्रिय शहरी विकास रणनीति, प्लानिङ्ग नर्म्स एण्ड स्ट्याण्डर्स, शहरी वातावरण निर्देशिकासमेतका दस्तावेजहरू निर्माण हुनुको साथै काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन तथा नियमावली लागु भएको हुँदा शहरी नीतिमा ती दस्तावेजका प्रावधानहरू प्रतिविम्बित हुनु आवश्यक भएकोले

(घ) राष्ट्रिय भूउपयोग नीति, वातावरणमैत्री सवारी तथा यातायात नीति, खानेपानी तथा सरसफाइ नीति, फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, औद्योगिक नीति, सूचना तथा सञ्चार नीति जस्ता शहरी विकासका विभिन्न आयामहरूसँग प्रत्यक्ष सम्बन्ध राख्ने अन्य नीतिहरूसँगको समन्वय आवश्यक भएको, साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भूउपयोग ऐन, २०७६ सँग परिपूरकता हुनु पर्ने आवश्यकता रहेकोले

(ङ) दिगो विकास लक्ष्य (सन २०१५-३०), नयाँ शहरी कार्यसूची (सन २०१६-३६), जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता, विपद् जोखिम न्यूनीकरणको लागि सेण्डाई संरचना जस्ता शहरी विकास, विपद् र वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने दस्ताबेजहरू नेपाल सरकारबाट अनुमोदन गरिसकेको सन्दर्भमा नीतिगत तालमेल आवश्यक भएकोले

(च) राष्ट्रिय शहरी नीति, २०६४ ले शहरी योजना तर्जुमा, शहरी निर्माण (सुधार तथा विस्तार), शहरी भूउपयोग र भौतिक विकासको नियमन र शहरी व्यवस्थापनको सन्दर्भमा स्पष्ट आधारहरू प्रस्तुत गर्न नसकेको हुँदा सो सम्बोधन आवश्यक भएकोले

(छ) वर्तमान नीतिले मुख्य शहरहरू (क्षेत्रीय आर्थिक केन्द्र एवं प्रशासनिक केन्द्र) बिच सम्पर्क सम्बन्ध कायम गर्ने र त्यस्ता शहरहरूकोबिचमा अवस्थित साना तथा मझौला शहरहरूको स्थलीय अन्तरसम्बन्धलाई समेट्न नसकेको हुँदा शहरी आर्थिक कोरिडोर, नयाँ शहर, स्मार्ट सिटी, बृहत्तर शहरी क्षेत्र (मेगा सिटी) जस्ता शहरी विकासका नवीन आयाम र कार्यक्रमहरूलाई समेट्न आवश्यक भएकोले

(ज) विगत बिस वर्षयता नेपालको शहरी विकास क्षेत्रमा देखिएका सकारात्मक तथा नकारात्मक प्रवृत्तिको समीक्षा र मूल्याङ्कन गर्दै असल अभ्यासलाई प्रोत्साहन गर्दै, शहरी विकासका लागि प्रभावकारी साधन र उपकरणको विकास गर्न आवश्यक भएकोले

(झ) विकास सम्बन्धी नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू एवं नेपाल सरकारबाट स्वीकृत विभिन्न नीतिहरूको आधारमा शहर र शहरीकरणलाई व्यवस्थित गर्दै लैजान मार्गदर्शक सिद्धान्तको रुपमा दिगोपना, समावेशीता, उत्थानशीलता, हरित उन्मुखता र प्रभावकारितालाई यस नीतिमा समावेश गर्न आवश्यक भएकोले ।

## ६. दूरदृष्टि

व्यवस्थित, समावेशी र समृद्ध शहर

## ७. लक्ष्य

सन् २०३६ भित्र नेपालका शहरी क्षेत्रहरूको शहरी पूर्वाधार अवस्था सूचक (Urban Infrastructure Condition Index) कम्तीमा ५० प्रतिशत हुने गरी औसतमा १५ प्रतिशतले वृद्धि गर्ने ।

## ८. उद्देश्य

सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा शहरी योजना, निर्माण, नियमन र व्यवस्थापनका उपयुक्त माध्यम मार्फत उत्थानशील शहरी पूर्वाधारमा पहुँच विस्तार गर्नु यस नीतिको उद्देश्य रहेको छ ।

## ९. नीति

शहरी विकासको दूरदृष्टि, लक्ष्य र उद्देश्यको परिधिभित्र रही देहायबमोजिमको नीति अवलम्बन गरिनेछ।

**नीति १: समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्ने,**

**नीति २: उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने,**

**नीति ३: व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने,**
**नीति ४: अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने।**

## १०. रणनीति

**नीति १: समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्ने**

१.१ शहर र शहरी प्रणालीबिचको अन्तरआवद्धतालाई प्रवर्धन गर्ने।

१.२ शहरी-ग्रामीण तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउने।

१.३ प्रदेश राजधानीलगायतका देशका ठुला शहरहरूलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्ने।

१.४ विविधतायुक्त मौलिक शहरी तथा बस्ती स्वरूपको पहिचान, संरक्षण, पुनरूत्थान एवं विकास गर्ने।

**नीति २: उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने**

२.१ आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।

२.२ एकीकृत रूपमा शहरी पूर्वाधारको स्तरोन्नति र विस्तार गर्ने।

२.३ विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकीकरणलाई प्राथमिकता दिई दिगो र पर्यावरण मैत्री पूर्वाधारको विकास गर्ने।

२.४ शहरी पूर्वाधार सम्पत्तिको व्यवस्थापन एवं आवधिक मर्मत सम्भार गर्ने।

**नीति ३: व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने**

३.१ बहुक्षेत्रगत लगानी योजना (Multi Sectoral Investment Plan: MSIP)

तयार गरी प्राथमिकताको आधारमा तीनै तहको सरकारको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।

३.२ वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत साधन परिचालन गर्ने ।

३.३ शहरी पूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत क्षेत्र, स्वदेशी तथा वैदेशिक क्षेत्र र समुदायको साझेदारीलाई प्रोत्साहन र परिचालन गर्ने ।

३.४ अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गर्ने ।

**नीति ४: अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने**

४.१ शहरी क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको क्षमता अभिवृद्धिसहित सिधा सम्पर्क र समन्वय स्थापित गर्ने ।

४.२ तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको लागि कानूनी आधार सहित स्पष्ट खाका तयार गर्ने ।

४.३ एकीकृत एवं स्वस्फूर्त रूपमा शहरी सेवा प्रवाह गर्ने ।

४.४ शहरी योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने ।

## ११. कार्यनीति

### ११.१. समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः

#### ११.१.१. शहर र शहरी प्रणालीबिचको अन्तरआबद्धतालाई प्रवर्द्धन गर्ने

(क) शहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण गरी उपलब्ध हुनु पर्ने न्यूनतम सेवा सुविधा र पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । त्यसै गरी मेगा सिटी, स्मार्ट सिटी, नयाँ शहर, हिमाली शहर, एरोसिटी, खाद्य हरियाली शहर, शहरी आर्थिक कोरिडोरजस्ता शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरिनेछ ।

(ख) अन्तर शहर र बस्तीहरूबिचको यातायात पहुँच अभिवृद्धि गर्न

सरोकारवालासँगको सहकार्य र समन्वयमा द्रुत, अर्धद्रुत र स्थानीय मल्टीमोडल परिवहन पूर्वाधारको विकास गरिनेछ।

(ग) ट्रान्जिट ओरिएण्टेड विकास (Transit Oriented Development) लाई प्रोत्साहन गरिनेछ।

(घ) बृहत्तर शहरी क्षेत्र (Mega–city Cluster) र शहरी आर्थिक करिडोर (Urban Economic Corridor) को एकीकृत विकास गरिनेछ।

**११.१.२. शहरी–ग्रामीण तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउने**

(क) सुदृढ यातायात र सञ्चार सम्पर्क (Connectivity) सहित उच्चस्तरीय शहरी सेवा र पूर्वाधारमा ग्रामीण क्षेत्रको पहुँच र अन्तरआबद्धता (Rural-Urban Linkage) विस्तार गरिनेछ।

(ख) अर्ध-शहरी (Peri-urban) क्षेत्रका परम्परागत मौलिक बस्तीहरूलाई शहरी ग्राम (Urban Village) को रूपमा विकास गरिनेछ।

(ग) शहर विस्तार गर्दा जल, वन तथा कृषि क्षेत्रको संरक्षणमा जोड दिइ पृष्ठ प्रदेश (Hinterland) लाई कृषि, पशुपालन एवं निश्चित आर्थिक पकेट क्षेत्रको रूपमा विकास गर्न प्रोत्साहन गरिनेछ।

(घ) आरोग्य शहरी जीवन र खाद्य सुरक्षाका लागि सरोकारवालाको समन्वय र सहकार्यमा रैथाने बाली संरक्षण सहित शहरमा कम्तीमा तीन महिनालाई पुग्ने खाद्य तथा इन्धन भण्डारण पूर्वाधारको विकास गरिनेछ।

(ङ) मध्य पहाडी लोकमार्ग, हुलाकी लोकमार्ग, ग्रेट हिमालयन ट्रेल आसपासमा अवस्थित बस्तीहरूको योजनाबद्ध विकासको लागि स्रोत साधन र लगानी वृद्धि गरिनेछ। साथै, पिछडिएको क्षेत्रमा औद्योगिक क्रियाकलापलाई प्रोत्साहन गर्न आवश्यक जग्गाको व्यवस्थापन र पूर्वाधार विकास गरिनेछ।

(च) असुरक्षित एवं अपायकमा छरिएर रहेका बस्तीहरूलाई आर्थिक आबद्धता सहित क्रमशः सुरक्षित स्थानमा स्थानान्तरण गर्दै एकीकृत र उत्थानशील बस्तीको रूपमा विकास गरिनेछ।

(छ) ग्रामीण क्षेत्रका बजार केन्द्र र साना शहरहरूको व्यवस्थित विकास गर्दै

जनसङ्ख्यालाई यथास्थानमै बसोबास (Retain) गर्न आर्कषण गराई आन्तरिक बसाईंसराइ र जनसाङ्ख्यिक सन्तुलन कायम गरिनेछ।

११.१.३. **प्रदेश राजधानी लगायत देशका ठुला शहरहरूलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्ने**

(क) एक शहर एक वा बहु पहिचानमा आधारित भएर शहरहरूको तुलनात्मक लाभका क्षेत्रको प्रस्फुटनसहित शहरहरूलाई विकास गरिनेछ।

(ख) अव्यवस्थित शहरी विस्तार (Urban Sprawl) रोक्नका लागि शहरहरूको प्राकृतिक क्षमता, पृष्ठप्रदेशसँगको अन्तरसम्बन्ध एवं जनसङ्ख्या वृद्धिको आधारमा शहर विस्तार योजना (Urban Expansion Planning) कार्यान्वयन गरिनेछ।

(ग) ठूला शहरहरूमा गतिशील जनसङ्ख्या (Floating Population) को चाप समेतलाई मध्य नजर गरी आधारभूत सेवा पूर्वाधार विकास गरिनेछ।

(घ) संघीय राजधानी काठमाडौं उपत्यकालाई सांस्कृतिक शहरको रूपमा विकास गरिनेछ।

(ङ) निश्चित मापदण्ड, नवप्रवर्तन र सघन लगानीका माध्यमबाट प्रदेश राजधानीहरूलाई प्रतिस्पर्धी र जीवन्त शहर बनाइनेछ।

(च) नगरपालिका र गाउँपालिकाको प्रशासनिक तथा आर्थिक केन्द्रहरूको योजनाबद्ध विकास गरिनेछ।

११.१.४. **विविधतायुक्त मौलिक शहरी तथा बस्ती स्वरूपको पहिचान, संरक्षण, पुनरूत्थान एवं विकास गर्ने**

(क) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सम्पदा बस्तीहरूको अभिलेख तयार गरी दिगो संरक्षण र आर्थिक उन्नतिका लागि स्थानीय उत्पादन र पर्यटन प्रवर्धनसँग आवद्ध गरी मौलिक वास्तुकला संरक्षण र शहरी पुनरूत्थानका योजनाहरू कार्यान्वयन गरिनेछ।

(ख) स्थानीय तहहरूको सहकार्यमा अभिलेखीकरण र नयाँ पुस्तालाई ज्ञान हस्तान्तरण सहित विविधतायुक्त पर्यावरणीय, सामाजिक, आर्थिक आधारसहितका बस्ती स्वरूपको संरक्षण र प्रवर्धन (Morphological Retainment and Enhancement) गरिनेछ।

(ग) परम्परागत ढुङ्गेधारा, इनार, पोखरी, पाटीपौवा, देवल, चोक चौतारा लगायतका पूर्वाधारको संरक्षण र संवर्धन गर्न स्थानीय स्रोत साधान, सिप र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

(घ) शहरी दृश्यावलीमा प्रतिकूल प्रभाव पार्ने तार, होर्डिंग बोर्ड, पार्किङ-लगायतको नियन्त्रण तथा नियमन गर्न एवं शहरी सौन्दर्य अभिवृद्धिका लागि शहरी भू-आकृति (Urban Landscape) कार्यविधि तयार गरी लागु गरिनेछ।

(ङ) नयाँ शहर तथा बस्ती योजनामा नेपाली मौलिकता र विविधता अनुसार तहगत पदमार्ग, किनारा, क्षेत्र, नोड र ल्याण्डमार्क (Paths, Edges, Districts, Nodes, and Landmarks) हरू समावेश गरिनेछ।

**११.२. उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः**

**११.२.१. आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चित गर्ने**

(क) संयुक्त आवास, सामूहिक आवास, सामाजिक आवास, भाडाको आवास, सहकारी आवास लगायत व्यवस्थित आवास निर्माण एवं भइरहेका आवासहरूको स्तरोन्नतिका माध्यमबाट सबैको लागि सुरक्षित र सुपथ (Affordable) सहितको न्यूनतम आवास सुविधा प्रत्याभूति गरिने छ। साथै जग्गा वा आवास विकास योजनामा अनिवार्य रूपमा न्यून आय वर्गलाई समावेश गरिनेछ।

(ख) शहरी बासिन्दाका लागि पर्याप्त सुरक्षित खानेपानी, सरसफाइ पूर्वाधार र बाढीजन्य प्रकोप न्यूनीकरणका लागि सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी जल व्यवस्थापन (Urban Water Management) को दिगो पूर्वाधार विकास गरिनेछ।

(ग) स्वच्छ र सुरक्षित शहरी वातावरणको लागि बसोबास क्षेत्र सुधार गरिनेछ । साथै, आधारभूत आवास एकाइ र कृषि भूमिको हकमा आर्थिक सहुलियतका विकल्प सहित निर्मित क्षेत्र विस्तारलाई निरुत्साहित गरी हरित क्षेत्र संरक्षणको लागि समन्वय गरिनेछ ।

घ) सबैको लागि पहुँचयुक्त, सुविधायुक्त, सुरक्षित र वातावरणमैत्री शहरी यातायातका लागि सरोकारवालासँगको सहकार्य र समन्वयमा मास ट्रान्जिट, पैदल मैत्री, साईकल मैत्री एवं नवीकरण उर्जामा आधारित यातायात पूर्वाधार विकास गरिनेछ ।

(ङ) शहरी पूर्वाधारलाई ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिसहित लैङ्गिक मैत्री बनाइनेछ ।

११.२.२. **एकीकृत रूपमा शहरी पूर्वाधारको स्तरोन्नति र विस्तार गर्ने**

(क) एकीकृत र समन्वयात्मक (Holistic Approach) रूपमा शहरी भौतिक पूर्वाधारहरूको योजना तथा निर्माण गरिनेछ । आवश्यकतानुसारका पूर्वाधारहरूलाई व्यवस्थित र भूमिगत गर्दै लगिनेछ ।

(ख) पूर्वाधार र सेवा सुविधा सञ्जालसहितको योजनाबद्ध आवासीय क्षेत्रहरू निर्माण गर्न प्राथमिकता र प्रोत्साहन दिइनेछ । यसका लागि जग्गा तथा आवास एकीकरण विधिको विस्तारित र बहुउपयोगी (Scale-up and Flexible) उपयोग गर्ने गरी कार्यविधि र मापदण्ड तर्जुमा गरिनेछ ।

(ग) व्यवस्थित सार्वजनिक शौचालय, पाटी, पौवा, चौतारा, उद्यान, सामुदायिक केन्द्र, पुस्तकालयजस्ता सामाजिक मिलनका स्थलहरू संरक्षण एवं डिजिटल सुविधा सहित विकास गरिनेछ ।

(घ) सरोकारवालासँग सहकार्य र समन्वयमा शहरमा आवश्यक शिक्षा, स्वास्थ्य, खेलकुद, सांस्कृतिक, पर्यटकीय र मनोरञ्जनात्मक पूर्वाधारहरू विकास गरिनेछ ।

(ङ) शहरी क्षेत्रमा हाटबजार, बसपार्क, व्यवसाय शुरूवाती स्थल (Start-up Business Space), प्रशोधन केन्द्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र

लगायतका आर्थिक आय आर्जन गर्ने खालका पूर्वाधार विकासमा समन्वय र सहकार्य गरिनेछ।

११.२.३. **विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकरणलाई प्राथमिकता दिइ दिगो र पर्यावरण मैत्री पूर्वाधारको विकास गर्ने**

(क) शहरमा विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना र पूर्व तयारीका सेवा र पूर्वाधारको व्यवस्था गरिनेछ। बहुविपद् जोखिमको अवस्था आँकलन गरी भूउपयोग र भौतिक विकास नियमन एवं जोखिमपूर्ण बस्तीहरूको स्थानान्तरण गरिनेछ।

(ख) शहरी वन तथा कृषिलाई योजनामा आबद्ध गरी तह अनुसार आवश्यक खुल्लाक्षेत्र (चौतारा, पोखरी, उद्यान, चोक, खेलमैदान, टुँडिखेल, आदि) र हरियाली क्षेत्रको विकास गरिनेछ।

(ग) शहरी जल सुरक्षा (Urban Water Security) का लागि परिवार, समुदाय, नगरस्तर र क्षेत्रीयस्तरमा भूमिगत जल संरक्षण एवं पुनर्भरण (Recharge) गरिनेछ। जमिनको प्राकृतिक बनोट र पानीको प्राकृतिक बहावलाई अवरोध नहुने गरी जल प्रणालीको संरक्षण तथा प्रवर्धन गरिनेछ।

(घ) फोहरमैलाको उत्पादन घटाउने, पुनःप्रयोग गर्ने र स्रोतमा वर्गीकरण गरी चक्रीय प्रयोगबाट फोहरमैलाको वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गरिनेछ।

(ङ) शहरमा फैलन सक्ने महामारी नियन्त्रणका लागि आवश्यक पर्ने संरचना र सुविधाहरूको योजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

(च) पूर्वाधार निर्माणमा वातावरणमैत्री निर्माण सामग्री र हरित प्रविधिलाई प्रोत्साहन, न्यून कार्बन उत्सर्जन सहित जलवायु अनुकूलन पद्धति र प्रविधिलाई अनुसरण गरिनेछ।

(छ) बहुविपद् जोखिमको न्यूनीकरणको लागि मौजुदा संहिता र मापदण्डलाई समय सापेक्ष परिर्वतन गर्दै लागु गर्न प्रोत्साहनका विधिहरू समेत अवलम्बन गरिनेछ।

(ज) विपद् पछिको पुनर्निर्माणमा विगतको कमी कमजोरी र सिकाईको विश्लेषण गरी अझ राम्रो निर्माण (Build Back Better) को अवधारणा अनुसरण गरिनेछ। नेपालमा विपद् जोखिम अवश्यम्भावी रहेकोले कुनै एक घटना केन्द्रित उपचारको सट्टा रोकथाम र पूर्वतयारीको लागि अनवरत रूपमा सञ्चालित दीर्घकालीन प्रणाली प्रवर्धन गरिनेछ।

**११.२.४. शहरी पूर्वाधार सम्पत्तिको व्यवस्थापन एवं आवधिक मर्मत सम्भार गर्ने**

(क) शहरी पूर्वाधारहरूको डिजिटल अभिलेख तयारी र अद्यावधिक गरी सरोकारवाला निकायहरूबिच सूचना आदान प्रदान गर्न समन्वय र सहकार्य गरिनेछ।

(ख) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनका साथै, सबै तहका सडक तथा सार्वजनिक पूर्वाधारहरूले ओगटेको जमिनको कित्ताकाट सहित अभिलेख राख्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ।

(ग) शहरी पूर्वाधारहरू अविच्छिन्न सञ्चालन गर्न तत्कालिक र आवधिक मर्मत सम्भार योजना तयार गरी कार्यान्वयनमा समन्वय गरिनेछ। यसका लागि प्रतिकार्य संयन्त्र (Response Mechanism) को व्यवस्था गर्न सहकार्य गरिनेछ।

(घ) शहरी पूर्वाधारको तहगत वर्गीकरण गरी सोहीअनुरूप तत् तत् तह र निकायलाई अभिलेखीकरण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनमा जिम्मेवार बनाइनेछ।

(ङ) महत्वपूर्ण शहरी पूर्वाधारहरूको उपयोग समय (Functional Life span) तोक्ने व्यवस्था गरिनेछ। पूर्वाधारको जीवनचक्र खर्च (Life Cycle Cost) न्यून गर्न आकस्मिक मर्मत सम्भारको लागि बीमा (Insurance) का साथै नियमित मर्मत सम्भार र उपयोग समय पछिको निर्माणको लागि वार्षिक वृत्ति कोष (Sinking Fund) लगायतका विकल्पहरूको व्यवस्था गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाईनेछ।

**११.३. व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः**

**११.३.१. बहुक्षेत्रगत लगानी योजना (MSIP) तयार गरी प्राथमिकताको आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको सरकारको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने**

(क) अधिकतम सामाजिक तथा आर्थिक प्रतिफल प्राप्त हुने रूपान्तरणकारी शहरी पूर्वाधारको पहिचान र प्राथमिकीकरण गरी बहुक्षेत्रगत लगानीलाई दिशानिर्देश गरिनेछ।

(ख) निश्चित मापदण्ड बनाई जनसहभागितामा आधारित जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरोत्थान र चक्लाबन्दीलगायतका योजनाबद्ध बस्ती विकासमा सरकारी लगानी वृद्धि गरी योजनाबद्ध विकास बाहेकका क्षेत्रमा लगानी निरुत्साहित गरिनेछ।

(ग) शहरी योजना, वित्तीय संरचना तथा विनियोजन प्रणालीबिच सामन्जस्य कायम गरी रणनीतिक शहरी पूर्वाधारमा लगानी एवं सहलगानीका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(घ) स्थानीय स्रोत साधन (मानव संसाधन, निर्माण सामग्री, वित्त, ज्ञान, प्रविधि आदि) को पहिचान, समुचित उपयोग र प्रवर्धनबाट शहरको आन्तरिक क्षमता वृद्धि गरी अनुदान माथिको परनिर्भरता कम गर्दै लगिनेछ।

११.३.२. **वैकल्पिक वित्तीय उपकरणहरू र स्रोत साधन परिचालन गर्ने**

(क) शहरी पूर्वाधारको विकासबाट घरजग्गा र संरचनामा हुने मूल्य अभिवृद्धि (Value Capture) लाई शहरको आन्तरिक स्रोत बढाउने साधनको रूपमा प्रयोग गरिनेछ। यसका लागि घरजग्गाको मूल्याङ्कनलाई वैज्ञानिक बनाई एकरूपता ल्याउनका लागि स्वचालित प्रणाली (Land Value Index) को विकास गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ। खाली घडेरी (Vacant land) र आधारभूत आवास एकाइ भन्दा बढी क्षेत्रफलको घर निर्माणमा प्रगतिशील करको माध्यमबाट अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गरिनेछ।

(ख) शहरी पूर्वाधारका लागि जग्गा प्राप्तिमा जग्गा पुनर्समायोजन (Land Readjustment), जग्गा एकीकरण (Land Pooling), सट्टापट्टा, अल्पकालीन स्वामित्व हस्तान्तरण (Lease), जग्गा साझेदारी (Land Sharing), विकास अधिकार हस्तान्तरण (Development Right Transfer), चक्लाबन्दी, भूमि बैङ्क जस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्न आवश्यक कानून र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

(ग) योजनाबद्ध शहरी विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि, सिकाई, नवप्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गरिनेछ।

(घ) योजनाबद्ध शहरी विकासका लागि कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, कल्याणकारी कोष, जग्गा विकास चक्रकोष, नगर विकास कोष, विकास प्राधिकरण कोष, सामाजिक सुरक्षा कोष, विप्रेषण लगायत वित्तीय स्रोतको परिचालन गरिनेछ।

(ङ) अनुदान मिश्रित ऋण, मिश्रित वित्त (Blended Finance), सार्वजनिक निजी साझेदारी (Public Private Partnership), प्रभावी वित्तीय लगानी (Impact Investment Financing), शहरी ऋणपत्र (Municipal Bond) र सामुदायिक लागत सहभागिता लगायतका वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गरिनेछ।

(च) हरित कोष, जलवायु कोष, विश्व वातावरण सुविधा (Global Environment Facility), विश्व जैविक विविधता कार्यढाँचा कोष (Global Bio-Diversity Framework Fund), हरित उर्जा वित्त साझेदारी सुविधा (Clean Energy Financing Partnership Facility), कार्बन कर्जा (Carbon Credit), Innovation Fund, Adaptation Fund, Loss and Damage Fund लगायतका विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोत माथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) को रूपमा प्रवर्धन तथा परिचालन गरिनेछ।

(छ) शहरी तथा क्षेत्रीय विकासमा अनुभवी तथा सेवा निवृत्त जनशक्तिको ज्ञान, अनुभव र सीपलाई पूँजीकृत गर्न एवं प्रविधि हस्तान्तरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**११.३.३. शहरी पूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत क्षेत्र, स्वदेशी तथा वैदेशिक क्षेत्र र समुदायको साझेदारितालाई प्रोत्साहन र परिचालन गर्ने**

(क) न्यून आय वर्गलाई सहुलियतसहित शहरी सेवा पूर्वाधारमा लागत असुली (Cost Recovery) को लागि मानक र कार्यविधि तयार गरी लागु गरिनेछ।

(ख) निजी क्षेत्र, विभिन्न कोष, वित्तीय संस्था, संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरूलाई निश्चित लक्ष्य वा क्षेत्रसँग आबद्ध गरी वृहत्तर परिचालन गरिनेछ।

(ग) स्थानीय स्तरका शहरी पूर्वाधारको निर्माण र व्यवस्थापनमा लाभग्राही समुदायसँग लागत साझेदारीलाई प्रोत्साहन गरिनेछ।

(घ) शहरी पूर्वाधारका रूपान्तरणकारी आयोजनाहरू प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

**११.३.४. अनौपचारिक क्षेत्रका आर्थिक क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गर्ने**

(क) अनौपचारिक आर्थिक गतिविधि पहिचान गरी शहरी सेवा सुविधामा आबद्ध गरिनेछ।

(ख) पुनःप्रयोग योग्य फोहर मैला र सामाग्रीहरूको सङ्कलन र व्यवस्थापनलाई प्रोत्साहन गर्न नीतिगत सुधार गरिनेछ।

(ग) एक पटक प्रयोग भइसकेका सरसामानहरू (लत्ता कपडा, पुस्तक, विद्युतीय सामग्री, फर्निचर आदि) को सङ्कलन, बिक्री, सट्टापट्टा गरी पुनःप्रयोग गर्ने शहरी सेवा केन्द्रहरूको विकास गरिनेछ।

(घ) शहरी गरिब तथा कृषकलाई शहरभित्र निश्चित स्थान र समय तोकी स्थानीय उत्पादन र दैनिक उपभोग्य वस्तुहरूको व्यापार व्यवसाय गर्न व्यवस्थित क्षेत्रहरू विकास गरिनेछ।

(ङ) अनौपचारिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी क्रमशः औपचारिक आर्थिक आबद्धता बढाइनेछ।

**११.४. अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्नेसँग सम्बन्धित रणनीतिहरूको कार्यनीतिः**

**११.४.१. शहरी क्षेत्रमा क्रियाशील सरोकारवालाहरूको क्षमता अभिवृद्धि सहित सिधा सम्पर्क र समन्वय स्थापित गर्ने**

(क) शहरी विकासका असल अभ्यास, सिकाई तथा अनुसन्धानलाई विस्तार एवं नव प्रवर्तन र सिर्जनशीलताको प्रवर्धन गर्दै शहरी क्षेत्रको ज्ञान, सीप, अनुभव र प्रविधिलाई प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण गरिनेछ।

(ख) शहरहरूबिचको स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन र असल अभ्यासलाई पुरस्कृत गरिनेछ। संघीय शहरी लगानी एवं सहलगानीको पूर्वसर्तको रूपमा भौतिक विकासको नियमन, व्यवस्थित जग्गा तथा आवास विकास, वातावरण सुधार, भूमिगत जलसञ्चय तथा फोहर मैला व्यवस्थापन समेतलाई लिने गरी कार्यविधि कार्यान्वयनमा ल्याईनेछ।

(ग) प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार आर्किटेक्ट, प्लानर र अन्य विज्ञ जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ। साना र मझौला स्तरका शहरी योजना तर्जुमा र पूर्वाधार डिजाईनमा आन्तरिक प्राविधिक क्षमता वृद्धि गरी परामर्शदाताको परनिर्भरता कम गर्दै लगिनेछ।

(घ) नगर विकास समितिहरूलाई विज्ञ समूह (Think Tank) का रूपमा रूपान्तरण गर्न क्षमता अभिवृद्धि गरिनेछ।

(ङ) शहरी विकासका विविध आयामहरूमा निर्वाचित जनप्रतिनिधिहरू, निजी क्षेत्र, गैरसरकारी संस्था, उपभोक्ताको अभिमुखिकरण, अन्तरक्रिया एवं सचेतना अभिवृद्धिमार्फत सशक्तिकरण र राजनीतिक प्रतिबद्धता हासिल गरिनेछ।

(च) अन्तरतह तथा अन्तरनिकाय समन्वयका लागि आवश्यक संयन्त्र र एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली (Urban Management Information

System: UMIS) स्थापना गरिनेछ।

(छ) शहरी क्षेत्रीय वा उपक्षेत्रीय विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

(ज) शहरी क्षेत्रमा क्रियाशील निकायहरूबिच ज्ञानको आदान प्रदान, अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य र समन्वय गर्न नेपाल राष्ट्रिय शहरी मञ्च गठन गरिनेछ।

**११.४.२. तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको लागि कानूनी आधार सहित स्पष्ट खाका तयार गर्ने**

(क) शहरी स्थलीय योजना तर्जुमा, स्वीकृति, भौतिक विकासको नियमन र कार्यान्वयनको लागि आवश्यक शहरी एवं बस्ती विकास सम्बन्धी कानून तर्जुमा गरी लागु गरिनेछ। शहरी मामिला र पूर्वाधार विकासलाई समग्र शहरी सुशासनको अङ्गको रूपमा अगाडि बढाइनेछ।

(ख) शहरी पूर्वाधार विकास र सेवा प्रवाहमा दोहोरो नपर्ने गरी निश्चित सेवा पूर्वाधारको मापदण्ड र निकाय तोकिनेछ।

(ग) समुदायको अग्रसरतामा स्थानीय परिवेश सुहाउँदो बस्ती विकास, शहरी योजना तथा निर्माण सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन गरी शहरी भौतिक विकासको नियमन गरिनेछ।

(घ) तराई, पहाड र हिमाली क्षेत्रको विशिष्ट भौगोलिक परिवेशको साथै बस्तीको आर्थिक आधार र चरित्र (शहरी, अर्ध-शहरी, ग्रामीण) लाई सम्बोधन गर्ने गरी योजना तर्जुमा र मापदण्ड तोकी तहगत शहरी तथा बस्ती विकासको कार्य प्रदेश र स्थानीय तहहरूमा हस्तान्तरण गरिनेछ।

(ङ) भौतिक विकास योजना, संरचनात्मक योजना, एकीकृत कार्यमुलक योजना, आवधिक योजना, रणनीतिक योजना, एकीकृत शहरी विकास योजना जस्ता शहरी योजनाका प्राविधिक शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरी अवलम्बन गरिनेछ।

(च) Urban Infrastructure Condition Index, City Prosperity Index,

Urban Competitiveness Index, Smart City Indicator, Urban Resiliency Report Card, Degree of Urbanization, जस्ता शहरी तथ्याङ्कलाई व्यवस्थित र अद्यावधिक गरी एवं सरोकारवालाहरूको पहुँचमा ल्याई तथ्याङ्कमा आधारित निर्णय, योजना र लगानीलाई अनुसरण गरिनेछ।

११.४.३. **एकीकृत एवं स्वतः स्फूर्त रूपमा शहरी सेवा प्रवाह गर्ने**

(क) डिजिटल नेपाल फ्रेमवर्क अवधारणाअनुरूप सूचना प्रविधिको उच्चतम उपयोग गर्दै शहरी सूचना पहुँच र शहरी सेवा प्रवाह थप प्रभावकारी बनाइनेछ।

(ख) सरकारी कार्यालय परिसरहरूलाई क्रमशः एकीकृत बनाउँदै लगिनेछ। त्यसै गरी यातायात ट्रान्जिट एवं घनाबस्तीको केन्द्रमा शहरी सेवा केन्द्रमार्फत सार्वजनिक सेवा प्रदान गरिनेछ।

(ग) घरजग्गाको कारोबारलाई व्यवसायिक, पारदर्शी, प्रतिस्पर्धी र जवाफदेही बनाउन उद्योगको रूपमा विकास गरिनेछ। साथै, घरजग्गा व्यवसायलाई एकद्वार प्रणालीबाट नियमन गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ।

(घ) शहरी सेवा प्रवाहको सन्दर्भमा गुनासो सम्बोधन गर्नका लागि स्थानीय तहमा प्रभावकारी गुनासो सम्बोधन संयन्त्र स्थापना गरिनेछ।

११.४.४. **शहरी योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने**

(क) आवासविहीन तथा शहरी गरिबका सवालहरूको सम्बोधन गर्न आधारभूत सेवा र पूर्वाधारको पहुँच प्रवर्धन गरिनेछ।

(ख) शहरी विकासमा आदिवासी जनजातिलगायत विशेष समुदायको सामाजिक, साँस्कृतिक एवं वातावरणीय अधिकारहरूको सम्मान तथा संवर्धन गरिनेछ।

(ग) शहरी निर्णय प्रक्रिया र लाभ वितरणमा सबै वर्ग लिङ्ग र समुदायको सूचनामा पहुँचसहित सहभागिता सुनिश्चित गरिनेछ। साथै, युवा वर्गको ज्ञान, सीप, सिर्जनशीलता पहिचान गरी शहरी विकास प्रक्रियामा मूल प्रवाहीकरण गरिनेछ।

(घ) साबिकका बासिन्दाहरू विस्थापित नहुने गरी जग्गा पुनर्समायोजन वा उचित मुआब्जाको व्यवस्था गरी शहरी पूर्वाधारका लागि आवश्यक जग्गा प्राप्त गरिनेछ।

(ङ) शहरी पूर्वाधारहरूको रेखदेख, मर्मत सम्भार र व्यवस्थापनमा समुदाय र खास गरी सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र अपनत्व सहित परिचालन गरिनेछ ।

(च) शहरी पूर्वाधारहरूको वातावरणीय परीक्षणका साथै समावेशीता र पहुँच योग्यता परीक्षण गरिनेछ ।

## १२. **नीति कार्यान्वयनको जिम्मेवारी**

यस नीतिको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सङ्घ, प्रदेश र स्थानीय तहहरूले आआफ्ना नीति तथा कार्यक्रममा समावेश गरी नीति कार्यान्वयन गर्ने छन् । नीति कार्यान्वयनको जिम्मेवारी देहाय अनुसार हुनेछः

### १२.१ **संघीय सरकारको जिम्मेवारी**

(क) शहरी विकास सम्बद्ध राष्ट्रिय नीतिहरू, कानून, कार्यविधि मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन

(ख) शहर तथा बस्तीहरूको वैज्ञानिक वर्गीकरण तथा न्यूनतम सेवा सुविधाको मापदण्ड तर्जुमा

(ग) शहरी विकाससम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क, समन्वय र कार्यान्वयन

(घ) तहगत शहरी योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय

(ङ) शहरी पूर्वाधारको तहगत वर्गीकरण र कार्यान्वयनको जिम्मेवारी निर्धारण

(च) विशिष्ट शहरी संरचना विकास

(छ) शहरी आर्थिक करिडोर, विशेष र बृहत्तर शहरी क्षेत्रहरूको एकीकृत र समन्वयात्मक विकासका लागि संस्थागत व्यवस्था

(ज) प्रदेश तथा स्थानीय तहको शहरी व्यवस्थापनमा समन्वय, सहजीकरण र नियमन,

(झ) वातावरणमैत्री र हरित प्रविधिलाई प्रोत्साहन, जलवायु अनुकूलन पद्धति विकास, कार्यान्वयन र नियमन,

(ञ) बहुविपद् जोखिम न्यूनीकरणसम्बन्धी मापदण्ड लागु गर्न प्रोत्साहनका विधिहरू अवलम्बन

(ट) पूर्वाधारहरूको डिजिटल अभिलेखसहितको शहरी तथ्याङ्कमा आधारित निर्णय, योजना र लगानी

(ठ) जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरोत्थान र चक्लाबन्दीलगायतका योजनाबद्ध बस्ती विकासका लागि नर्म्स र मापदण्ड निर्धारण

(ड) भौतिक विकासको नियमन, व्यवस्थित जग्गा तथा आवास विकास, वातावरण सुधार तथा फोहर मैला व्यवस्थापनलाई पूर्व सर्तको रूपमा लिई रणनीतिक शहरी पूर्वाधारमा लगानी र सहलगानीका लागि आवश्यक कार्यविधि तर्जुमा तथा कार्यान्वयन

(ढ) शहरी विकासका असल अभ्यास, नवप्रवर्तन, परम्परागत ज्ञान, सीपको अभिलेखीकरण, अनुसन्धान र प्रविधिलाई प्रदेश एवं स्थानीय तहमा हस्तान्तरण

(ण) सम्पदा बस्तीहरुको वर्गीकरण तथा राष्ट्रिय महत्वका बस्तीहरूको अभिलेखीकरण, संरक्षण र संवर्धन

(त) अन्तरतह तथा अन्तरनिकाय समन्वयका लागि आवश्यक संयन्त्र र शहरी सूचना व्यवस्थापन प्रणाली (UMIS) विकास

(थ) घर जग्गा व्यवसाय नियमन गर्न सरोकारवाला निकायसँग समन्वय र सहजीकरण

(द) शहरी क्षेत्रका प्राविधिक शब्दावलीहरूको परिभाषा तथा मानक निर्धारण।

१२.२ **प्रदेश सरकारको जिम्मेवारी**

(क) राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेशको शहरी विकाससम्बन्धी नीति र कानूनको तर्जुमा र नियमन

(ख) प्रादेशिक शहरी प्रणालीको पहिचान र प्रवर्धन सहित प्रदेश राजधानीलाई आर्थिक केन्द्रको रूपमा विकास

(ग) उत्थानशील बस्ती विकासलाई प्रोत्साहन

(घ) प्रादेशिक महत्वका सम्पदा बस्तीहरूको अभिलेखीकरण, संरक्षण र संवर्धन

(ङ) स्थानीय तहहरुबिच एकीकृत र समन्वयात्मक रूपमा शहरी भौतिक पूर्वाधारहरूको योजना निर्माण तथा अन्तर स्थानीय तह वृहत्तर शहरी क्षेत्र विकास

(च) शहरी तथा क्षेत्रीय विकासमा ज्ञान, अनुभव र सीपलाई पूँजीकृत गर्न एवं प्रविधि हस्तान्तरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन।

**१२.३ स्थानीय तहको जिम्मेवारी**

(क) राष्ट्रिय तथा प्रादेशिक नीति तथा मापदण्डको अधिनमा रही मौलिक पहिचानसहितको शहरी विकाससम्बन्धी नीति, कानून र मापदण्डको तर्जुमा र नियमन

(ख) स्थानीय परिवेश सुहाउँदो बस्ती विकास, शहरी योजना तथा निर्माणसम्बन्धी मापदण्ड तर्जुमा, कार्यान्वयन तथा भौतिक विकासको नियमन

(ग) पहिचानमा आधारित शहरहरुको विकास

(घ) परम्परागत पूर्वाधारको संरक्षण र संवर्धन गर्न स्थानीय स्रोत साधन, सीप र प्रविधिको प्रयोगमा प्रोत्साहन

(ङ) स्थानीय सम्पदा बस्तीको अभिलेखीकरण, संरक्षण र संवर्धन

(च) आधारभूत आवास आपूर्तिको योजना तर्जुमा र कार्यान्वयन

(छ) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गा, खुल्ला क्षेत्र एवं सामाजिक मिलनका केन्द्रहरुको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन

(ज) शहरी भौतिक पूर्वाधारहरूको एकीकृत योजना निर्माण र समन्वयात्मक कार्यान्वयन

(झ) शहर विस्तार क्षेत्र, प्रशासनिक तथा आर्थिक केन्द्रहरूको योजनाबद्ध विकास

(ञ) नवप्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गरी स्थानीय शहरी व्यवस्थापन

(ट) स्थानीय स्रोत साधनको पहिचान, समुचित उपयोग र प्रवर्धनबाट शहरको आन्तरिक क्षमता वृद्धि

(ठ) शहरी सेवा प्रवाहको सन्दर्भमा गुनासो सम्बोधन संयन्त्र स्थापना र प्रभावकारी कार्यान्वयन

(ड) शहरी पूर्वाधारहरूको वातावरणीय परीक्षणका साथै समावेशिता र पहुँच योग्यता परीक्षण

(ढ) शहरी पूर्वाधारहरूको रेखदेख, मर्मत सम्भार र व्यवस्थापनमा समुदाय र सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र परिचालन ।

### १३. संस्थागत व्यवस्था

यस नीतिको कार्यान्वयन शहरी विकास मन्त्रालय र मातहतका निकायहरू, सम्बन्धित प्रदेश मन्त्रालयहरू, स्थानीय तहहरू, नगर विकास समितिहरूले गर्नेछन् । यो नीति कार्यान्वयनको लागि आवश्यक समन्वय तथा अनुगमन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा परिषद्/समितिहरू गठन हुनेछन् । उक्त परिषद्/समितिहरूको प्रारूप निम्नानुसार हुनेछः-

### १३.१ राष्ट्रिय शहरी विकास (समन्वय) परिषद्ः

शहरी विकासको काम एकीकृत तथा समन्वयात्मक रुपमा गर्न गराउन देहायबमोजिमको सरोकारवाला एवं विषयगत विज्ञ रहने गरी एक राष्ट्रिय शहरी विकास (समन्वय) परिषद् गठन

| | |
|---|---|
| (क) मन्त्री, शहरी विकास | - अध्यक्ष |
| (ख) प्रदेश सरकारका शहरी विकाससम्बन्धी विषय हेर्ने मन्त्री, सात जना | - सदस्य |
| (ग) सदस्य (शहरी विकास हेर्ने), राष्ट्रिय योजना आयोग | - सदस्य |
| (घ) सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | - सदस्य |
| (च) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (छ) सचिव, शहरी विकास मन्त्रालय | - सदस्य |

| | | |
|---|---|---|
| (ज) | सातै प्रदेशको प्रतिनिधित्व हुने गरी गाउँपालिका वा नगरपालिकाको अध्यक्ष, उपाध्यक्ष वा प्रमुख, उपप्रमुख मध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा तीन जना महिलासहित बढीमा सात जना | - सदस्य |
| (झ) | संयोजक, नेपाल राष्ट्रिय शहरी विकास मञ्च | - सदस्य |
| (ञ) | मन्त्रालयको सम्बन्धित महाशाखा हेर्ने सहसचिव | - सदस्य सचिव |

परिषद्ले आवश्यकतानुसार सरोकारवाला निकाय/विषय विज्ञ आमन्त्रण गर्न सक्ने छ। खण्ड (ज) को हकमा सदस्यहरुको अवधि दुई वर्षको हुनेछ।

### १३.२ **शहरी विकास राष्ट्रिय निर्देशक समिति**

शहरी विकास सम्बन्धी विभिन्न आयोजना तथा परियोजनाको काम कारबाहीलाई एकीकृत रुपमा गर्न गराउन, अनुसन्धान एवं नवप्रवर्तनलाई प्रोत्साहन गर्न तथा विभिन्न दातृ एवं साझेदार निकायको सहयोगलाई शहरी विकासमा अधिकतम उपयोग गर्न शहरी विकास राष्ट्रिय निर्देशक समितिको सङ्गठनात्मक संरचना देहाय बमोजिम रहनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव, शहरी विकास मन्त्रालय | - अध्यक्ष |
| (ख) | सहसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| (ग) | सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) | सहसचिव, भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | - सदस्य |
| (ङ) | सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (च) | महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | - सदस्य |
| (छ) | महानिर्देशक, स्थानीय पूर्वाधार विभाग | - सदस्य |
| (ज) | सचिव, शहरी विकास विषय हेर्ने प्रदेश मन्त्रालय, सात जना | - सदस्य |
| (झ) | कार्यकारी निर्देशक, नगर विकास कोष | - सदस्य |
| (ञ) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातकोपाधि प्राप्त गरी शहरी विकासको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्येबाट मन्त्रालयबाट मनोनित कम्तीमा एक जना महिलासहित बढीमा तीन जना | - सदस्य |
| (ट) | सहसचिव, शहरी विकास मन्त्रालय (शहरी विकास महाशाखा) | - सदस्य सचिव |

समितिले आवश्यकता अनुसार सरोकारवाला निकाय/विषय विज्ञ आमन्त्रण गर्न

सक्नेछ। खण्ड (ञ) को हकमा सदस्यहरूको अवधि दुई वर्षको हुनेछ।

१३.३ एक वा एक भन्दा बढी स्थानीय तह वा प्रदेशको भौगोलिक क्षेत्रमा पर्ने संघिय तथा प्रादेशिक योजना कार्यान्वयन गर्न आवश्यकतानुसार संस्थागत व्यवस्था गरिनेछ।

१३.४ मागका आधारमा स्थानीय तहहरुको योजना तथा प्राविधिक क्षमता अभिवृद्धिका लागि संस्थागत संरचनाहरुको परिचालन गरिनेछ।

१३.५ शहरी क्षेत्रमा क्रियाशील निकायहरुबिच ज्ञानको आदानप्रदान, अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य र समन्वय गर्न राष्ट्रिय एवं अन्तराष्ट्रिय संघ संस्था तथा प्राज्ञिक एकाइहरु, शहरी विकास साझेदारहरु तथा अध्ययन संस्थानहरुको प्रतिनिधित्व रहने गरी आवश्यकतानुसार नेपाल राष्ट्रिय शहरी मञ्च (Nepal National Urban Forum) गठन गरिनेछ।

**१४. आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहको वार्षिक कार्यक्रमको रूपमा विनियोजन हुने बजेट तथा कार्यक्रमहरूबाट स्रोत व्यवस्थापन गरिनेछ। नगर विकास कोषको पुनर्संरचनासहित शहरी पूर्वाधारका लागि थप पूँजी परिचालन गरिनेछ। साथै शहरी लगानीका लागि वैकल्पिक स्रोतहरू, साझेदारी, हरित एवं जलवायु लगानी, घर जग्गाको भ्यालु क्याप्चर तथा पुनर्समायोजन र अन्य वित्तीय उपकरणहरूको परिचालन गरिनेछ।

**१५. कानूनी व्यवस्था**

शहरी विकासको कार्यलाई निर्देशन तथा नियमन गर्न तहगत शहरी योजना तर्जुमा तथा कार्यान्वयन, विकास नियमन, योजनाबद्ध जग्गा तथा आवास विकास, एकीकृत शहरी पूर्वाधार (युटिलिटी कोरीडोर), घर जग्गाको व्यावसायिक कारोबार समेतका विषयहरू समावेश गरी छाता ऐनको रूपमा शहरी विकास ऐन तर्जुमा गरी लागु गरिनेछ। यसका अतिरिक्त यस नीतिको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय तहबाट आवश्यकतानुसार विभिन्न अन्य कानूनी प्रबन्ध गरिनेछ।

**१६. अनुगमन तथा मूल्याकन**

सङ्घीय तहमा यस नीतिको कार्यान्वयनको नियमित अनुगमन शहरी विकास

मन्त्रालयबाट गरिनेछ । वार्षिक रूपमा शहरी विकास मन्त्रालयले क्षेत्रगत एकीकृत प्रतिवेदन प्रकाशन गर्नेछ । नीति कार्यान्वयनको स्थिति, सान्दर्भिकता, प्रभावकारिता तथा उपलब्धिको मूल्याङ्कन राष्ट्रिय योजना आयोग मार्फत सोझै वा तेश्रो पक्षको संलग्नतामा गराइनेछ । शहरी क्षेत्रसँग अन्तरआबद्धता रहेका नीतिहरूमा शहरी विकासको विषय समावेश भए नभएको सम्बन्धमा समीक्षा गरिनेछ । यस नीति कार्यान्वयन प्रभावकारिताको मूल्याङ्कन स्वतन्त्र रूपमा सहभागिता मूलक र समन्वयात्मक तवरबाट राष्ट्रिय विकासका सूचकहरूसँग तादात्म्यता मिलाई प्रत्येक ५-५ वर्षमा गरिनेछ । साथै मूल्याङ्कनको आधारमा नीतिको पुनरावलोकन आवश्यकता अनुसार गरिनेछ ।

## १७. **नीति कार्यान्वयनको जोखिम र न्यूनीकरणका उपायहरू**

राष्ट्रिय शहरी नीति, २०८१ कार्यान्वयनका सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरूको देहाय बमोजिम आँकलन गरिएको छः

### १७.१ **जोखिमहरू**

(क) राष्ट्रिय शहरी नीति लागु गर्ने क्रममा अन्तर निकायगत र अन्तर तहगत सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्य प्रणाली विकास हुन नसक्ने,
(ख) पर्याप्त स्रोत साधनको व्यवस्था एवं शहरी विकास सम्बन्धी कानूनी तथा साङ्गठानिक पुनर्संरचनाका प्रावधानहरू लागु नहुन सक्ने,
(ग) निजी क्षेत्र, गैर सरकारी निकाय तथा शहरी सरोकारवालाहरूको अपेक्षित सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्ने,
(घ) प्रक्षेपित आर्थिक वृद्धिदर हासिल हुन नसकेमा शहरी क्षेत्रमा राज्यको लगानी अपर्याप्त हुन सक्ने,
(ङ) जलवायु र विपद्का घटनाहरूमा अस्वाभाविक वृद्धिबाट जटिलता हुन सक्ने,
(च) शहरी जनसङ्ख्या वृद्धि र बसाइँसराइको प्रवृति अनुमानयोग्य हुन नसक्ने ।

### १७.२ **जोखिम न्यूनीकरणका उपायहरू**

(क) शहरी विकासको काम एकीकृत तथा समन्वयात्मक रूपमा गर्न गराउन आवश्यक व्यवस्था गरिनेछ,
(ख) प्रदेश तथा स्थानीय तहहरूको नीति, कानून, मापदण्ड निर्माणमा प्राविधिक

सहयोग पुऱ्याई क्रमशः क्षमता अभिवृद्धि गरिनेछ,

(ग) सहलगानीलगायत वैकल्पिक आर्थिक स्रोत परिचालनको व्यवस्था गरिनेछ,

(घ) नीति कार्यान्वयनका लागि सरकारी स्रोतको अतिरिक्त विकास साझेदारबाट प्राप्त हुने तथा लागत आपूर्तिको सिद्धान्त अनुरूप निजी क्षेत्रको स्रोत समेत आकर्षित गरिनेछ,

(ङ) शहरी पूर्वाधारको पहिचान तथा निर्माणमा शहर शहरबिच सहकार्यात्मक प्रणाली विकास गरिनेछ,

(च) विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनलाई शहरी विकास प्रक्रियामा आन्तरिकीकरण गरिनेछ।

१८. **खारेजी**

राष्ट्रिय शहरी नीति, २०६४ खारेज गरिएको छ। उक्त नीति बमोजिम भए गरेका कामकारबाहीहरू यसै नीतिबमोजिम भएको मानिनेछ।

# अनुसूची १: नीति कार्यान्वयनको जिम्मेवारी तालिका

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| १. | नीति १ समुन्नत राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरुपको विकास गर्ने । | १.१ शहर र शहरी प्रणालीबिचको अन्तरआबद्धतालाई प्रवर्धन गर्ने । | क) शहर तथा बस्तीहरुको वैज्ञानिक वर्गीकरण गरी उपलब्ध हुनुपर्ने न्यूनतम सेवा सुविधा र पूर्वाधारको मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ । त्यसै गरी मेगा सिटी, स्मार्ट सिटी, नयाँ शहर, हिमाली शहर, एरोसिटी, खाद्य हरियाली शहर, शहरी आर्थिक कोरिडोर जस्ता शब्दावलीहरुको परिभाषा तथा मानक तयार गरिनेछ । | ✓ | | |
| | | | (ख) अन्तर शहर र बस्तीहरु बिचको यातायात पहुँच अभिवृद्धि गर्न सरोकारवालासँगको सहकार्य र समन्वयमा द्रुत, अर्धद्रुत र स्थानीय मल्टीमोडल परिवहन पूर्वाधारको विकास गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (ग) ट्रान्जिट ओरिएण्टेड विकास (Transit Oriented Development) लाई प्रोत्साहन गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (घ) बृहत्तर शहरी क्षेत्र (Mega–city Cluster) र शहरी आर्थिक करिडोर (Urban Economic Corridor) को एकीकृत विकास गरिनेछ । | ✓ | ✓ | |
| | | १.२ शहरी- ग्रामीण तथा क्षेत्रीय सम्बन्धलाई सुदृढ गर्दै पिछाडिएको क्षेत्रलाई प्रतिस्पर्धी बनाउने । | (क) सुदृढ यातायात र सञ्चार सम्पर्क (Connectivity) सहित उच्च स्तरीय शहरी सेवा र पूर्वाधारमा ग्रामीण क्षेत्रको पहुँच र अन्तर आबद्धता (Rural–Urban Linkage) विस्तार गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (ख) अर्ध-शहरी (Peri-urban) क्षेत्रका परम्परागत मौलिक बस्तीहरुलाई शहरीग्राम (Urban Village) को रुपमा विकास गरिनेछ । | | ✓ | ✓ |
| | | | (ग) शहर विस्तार गर्दा जल, वन तथा कृषि क्षेत्रको संरक्षणमा जोड दिई पृष्ठ प्रदेश Hinterland लाई कृषि, पशुपालन एवं निश्चित आर्थिक पकेट क्षेत्रको रुपमा विकास गर्न प्रोत्साहन गरिनेछ । | | ✓ | ✓ |
| | | | (घ) आरोग्य शहरी जीवन र खाद्य सुरक्षाका लागि सरोकारवालाको समन्वय र सहकार्यमा रैथाने बाली संरक्षण सहित शहरमा कम्तीमा तीन महिनालाई पुग्ने खाद्य तथा इन्धन भण्डारण पूर्वाधारको विकास गरिनेछ । | | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ङ) मध्य पहाडी लोकमार्ग, हुलाकी लोकमार्ग, ग्रेट हिमालयन ट्रेल आसपासमा अवस्थित बस्तीहरुको योजनाबद्ध विकासको लागि स्रोत साधन र लगानी वृद्धि गरिनेछ। साथै, पिछाडिएको क्षेत्रमा औद्योगिक क्रियाकलापलाई प्रोत्साहन गर्न आवश्यक जग्गाको व्यवस्थापन र पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (च) असुरक्षित एवं अपायकमा छरिएर रहेका बस्तीहरुलाई आर्थिक आबद्धता सहित क्रमशः सुरक्षित स्थानमा स्थानान्तरण गर्दै एकीकृत र उत्थानशील बस्तीको रुपमा विकास गरिनेछ। | | ✓ | ✓ |
| | | | (छ) ग्रामीण क्षेत्रका बजार केन्द्र र साना शहरहरुको व्यवस्थित विकास गर्दै जनसङख्यालाई यथास्थानमै बसोवास (Retain) गर्न आर्कषण गराई आन्तरिक वसाइँसराइ र जनसाङ्ख्यिक सन्तुलन कायम गरिनेछ। | | ✓ | ✓ |
| | | १.३ प्रदेश राजधानी लगायत देशका ठुला शहरहरुलाई प्रमुख आर्थिक केन्द्रको रूपमा विकास गर्ने | (क) एक शहर एक वा बहु पहिचानमा आधारित भएर शहरहरुको तुलनात्मक लाभका क्षेत्रको प्रस्फुटन सहित शहरहरुलाई विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) अव्यवस्थित शहरी विस्तार (Urban Sprawl) रोक्नका लागि शहरहरुको प्राकृतिक क्षमता, पृष्ठ प्रदेशसँगको अन्तर सम्बन्ध एवं जनसङ्ख्या वृद्धिको आधारमा शहर विस्तार योजना (Urban Expansion Planning) कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) ठुला शहरहरुमा गतिशील जनसङ्ख्या (Floating Population) को चाप समेतलाई मध्यनजर गरी आधारभूत सेवा पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | |
| | | | (घ) सङ्घीय राजधानी काठमाडौं उपत्यकालाई सांस्कृतिक शहरको रूपमा विकास गरिनेछ। | ✓ | | |
| | | | (ङ) निश्चित मापदण्ड, नवप्रवर्तन र सघन लगानीका माध्यमबाट प्रदेश राजधानीहरुलाई प्रतिस्पर्धी र जीवन्त शहर बनाइनेछ। | ✓ | ✓ | |
| | | | (च) नगरपालिका र गाउँपालिकाको प्रशासनिक तथा आर्थिक केन्द्रहरुको योजनाबद्ध विकास गरिनेछ। | | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | १.४ विविधतायुक्त मौलिक शहरी तथा बस्ती रुवरूपको पहिचान, संरक्षण, पुनरूत्थान एवं विकास गर्ने। | (क) राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सम्पदा बस्तीहरुको अभिलेख तयार गरी दिगो संरक्षण र आर्थिक उन्नतिका लागि स्थानीय उत्पादन र पर्यटन प्रवर्धनसँग आबद्ध गरी मौलिक वास्तुकला संरक्षण र शहरी पुनरूत्थानका योजनाहरु कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) स्थानीय तहहरुको सहकार्यमा अभिलेखीकरण र नयाँपुस्तालाई ज्ञान हस्तान्तरण सहित विविधतायुक्त पर्यावरणीय, सामाजिक, आर्थिक आधार सहितका बस्ती स्वरूपको संरक्षण र प्रवर्धन (Morphological Retainment and Enhancement) गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) परम्परागत ढुङ्गेधारा, इनार, पोखरी, पाटीपौवा, देवल, चोक चौतारा लगायतका पूर्वाधारको संरक्षण र संवर्धन गर्न स्थानीय स्रोत साधन, सीप र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ। | | | ✓ |
| | | | (घ) शहरी दृश्यावलीमा प्रतिकूल प्रभाव पार्ने तार, होर्डिंग बोर्ड, पार्किङहरुको नियन्त्रण तथा नियमन गर्न एवं शहरी सौन्दर्य अभिवृद्धिका लागि शहरी भू-आकृति (Urban Landscape) कार्यविधि तयार गरी लागु गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) नयाँ शहर तथा बस्ती योजनामा नेपाली मौलिकता र विविधता अनुसार तहगत पदमार्ग, किनारा, क्षेत्र, नोड र ल्याण्डमार्क (Paths, Edges, Districts, Nodes and Landmarks) हरु समावेश गरिनेछ। | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | नीति २: उत्थानशील शहरी पूर्वाधारको पहुँचमा विस्तार गर्ने। | २.१ आधारभूत शहरी पूर्वाधार र सेवामा सबैको पहुँच सुनिश्चित गर्ने | (क) संयुक्त आवास, सामुहिक आवास, सामाजिक आवास, भाडाको आवास, सहकारी आवासलगायत व्यवस्थित आवास निर्माण एवं भइरहेका आवासहरुको स्तरोन्नतिका माध्यमबाट सबैको लागि सुरक्षित र सुपथ (Affordable) न्यूनतम आवास सुविधा प्रत्याभूति गरिनेछ। साथै, जग्गा वा आवास विकास योजनामा अनिवार्य रूपमा न्यून आय वर्गलाई समावेश गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) शहरी बासिन्दाका लागि पर्याप्त सुरक्षित खानेपानी, सरसफाइ पूर्वाधार र बाढीजन्य प्रकोप न्यूनीकरणका लागि सरोकारवालासँगको समन्वय र सहकार्यमा शहरी जल व्यवस्थापन (Urban Water Management) को दिगो पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) स्वच्छ र सुरक्षित शहरी वातावरणको लागि बसोबास क्षेत्र सुधार गरिनेछ। साथै आधारभूत आवास एकाइ र कृषि भूमिको हकमा आर्थिक सहुलियतका विकल्प सहित निर्मित क्षेत्र विस्तारलाई निरुत्साहित गरी हरित क्षेत्र संरक्षणको लागि समन्वय गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) सबैको लागि पहुँचयुक्त, सुविधायुक्त, सुरक्षित र वातावरणमैत्री शहरी यातायातका लागि सरोकारवालासँगको सहकार्य र समन्वयमा मास ट्रान्जिट, पैदलमैत्री, साईकलमैत्री एवं नवीकरण उर्जामा आधारित यातायात पूर्वाधार विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरी पूर्वाधारलाई ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति सहित लैङ्गिक मैत्री बनाइनेछ। | ✓ | ✓ | ✓ |
| | | २.२ एकीकृत रूपमा शहरी पूर्वाधारको स्तरोन्नति र विस्तार गर्ने। | (क) एकीकृत र समन्वयात्मक (Holistic Approach) रूपमा शहरी भौतिक पूर्वाधारहरुकोयोजना तथा निर्माण गरिनेछ; आवश्यकता अनुसारका पूर्वाधारहरुलाई व्यवस्थित र भूमिगत गर्दै लगिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) पूर्वाधार र सेवा सुविधा सञ्जाल सहितको योजनाबद्ध आवसीय क्षेत्रहरु निर्माण गर्न प्राथमिकता र प्रोत्साहन दिइनेछ। यसका लागि जग्गा तथा आवास एकीकरण विधिको विस्तारित र बहुउपयोगी (Scale-up and Flexible) उपयोग गर्ने गरी कार्यविधि र मापदण्ड तर्जुमा गरिनेछ। | | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ग) व्यवस्थित सार्वजनिक शौचालय, पाटीपौवा, चौतारा, उद्यान, सामुदायिक केन्द्र, पुस्तकालय जस्ता सामाजिक मिलनका स्थलहरु संरक्षण एवं डिजिटल सुविधा सहित विकास गरिनेछ। | | ✓ | ✓ |
| | | | (घ) सरोकारवालासँग सहकार्य र समन्वयमा शहरमा आवश्यक शिक्षा, स्वास्थ्य, खेलकुद, सांस्कृतिक, पर्यटकीय र मनोरञ्जनात्मक पूर्वाधारहरु विकास गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरी क्षेत्रमा हाटबजार, बसपार्क, व्यवसाय शुरुवाती स्थल (Start–up Business Space), प्रशोधन केन्द्र, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र लगायतका दिगो आर्थिक आय आर्जन गर्ने खालका पूर्वाधार विकासमा समन्वय र सहकार्य गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | २.३ विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको आन्तरिकी करणलाई प्राथमिकता दिई दिगो र पर्यावरणमैत्री पूर्वाधारको विकास गर्ने। | (क) शहरमा विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारीका सेवा र पूर्वाधारको व्यवस्था गरिनेछ। बहुविपद् जोखिमको अवस्था आकलन गरी भूउपयोग र भौतिक विकास नियमन एवं जोखिमपूर्ण बस्तीहरुको स्थानान्तरण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | ख) शहरी वन तथा कृषिलाई योजनामा आबद्ध गरी तह अनुसार आवश्यक खुल्ला क्षेत्र (चौतारा, पोखरी, उद्यान, चोक, खेल मैदान, टुंडिखेल, आदि) र हरियाली क्षेत्रको विकास गरिनेछ। | ✓ | | ✓ |
| | | | (ग) शहरी जल सुरक्षा (Urban Water Security) का लागि परिवार, समुदाय, नगर स्तर र क्षेत्रीय स्तरमा भूमिगत जल संरक्षण एवं पुनर्भरण (Recharge) गरिनेछ। जमिनको प्राकृतिक बनोट र पानीको प्राकृतिक बहावलाई अवरोध नहुने गरी जल प्रणालीको संरक्षण तथा प्रवर्धन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) फोहोर मैलाको उत्पादन घटाउने, पुनःप्रयोग गर्ने र स्रोतमा वर्गीकरण गरी चक्रीय प्रयोगबाट फोहर मैलाको वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरमा फैलन सक्ने महामारी नियन्त्रणका लागि आवश्यक पर्ने संरचना र सुविधाहरुको योजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (च) पूर्वाधार निर्माणमा वातावरणमैत्री निर्माण सामग्री र हरित प्रविधिलाई प्रोत्साहन, न्यून कार्बन उत्सर्जन सहित जलवायु अनुकूलन पद्धति र प्रविधिलाई अनुसरण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (छ) बहुविपद् जोखिमको न्यूनीकरणको लागि मौजुदा संहिता र मापदण्डलाई समय सापेक्ष परिर्वतन गर्दै लागु गर्न प्रोत्साहनका विधिहरु समेत अवलम्बन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ज) विपद् पछिको पुनर्निर्माणमा विगतको कमीकमजोरी र सिकाईको विश्लेषण गरी अझै राम्रो निर्माण (Build Back Better) को अवधारणा अनुसरण गरिनेछ। नेपालमा विपद् जोखिम अवश्यम्भावी रहेकोले कुनै एक घटना केन्द्रित उपचारको सट्टा रोकथाम र पूर्व तयारीको लागि अनवरत रुपमा सञ्चालित दीर्घकालीन प्रणाली प्रवर्धन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | २.४ शहरी पूर्वाधार सम्पत्तिको व्यवस्थापन एवं आवधिक मर्मत सम्भार गर्ने | (क) शहरी पूर्वाधारहरुको डिजिटल अभिलेख तयारी र अद्यावधिक गरी सरोकारवाला निकायहरुबिच सूचना आदान प्रदान गर्न समन्वय र सहकार्य गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) सार्वजनिक, ऐलानी तथा पर्ती जग्गाको अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापनका साथै, सबै तहका सडक तथा सार्वजनिक पूर्वाधारहरुले ओगटेको जमिनको कित्ता काट सहित अभिलेख राख्न सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ। | | ✓ | ✓ |
| | | | (ग) शहरी पूर्वाधारहरु अविच्छिन्न सञ्चालन गर्न तत्कालिक र आवधिक मर्मत सम्भार योजना तयार गरी कार्यान्वयनमा समन्वय गरिनेछ। यसका लागि प्रतिकार्य संयनत्र (Response Mechanism) को व्यवस्था गर्न सहकार्य गरिनेछ। | | ✓ | ✓ |
| | | | (घ) शहरी पूर्वाधारको तहगत वर्गीकरण गरी सोही अनुरुप तत् तत् तह र निकायलाई अभिलेखीकरण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनमा जिम्मेवार बनाइनेछ। | ✓ | | |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| ३ | नीति ३: व्यवस्थित शहरी विकासका लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने। | | (ङ) महत्वपूर्ण शहरी पूर्वाधारहरुको उपयोग समय (Functional Lifespan) तोक्ने व्यवस्था गरिनेछ। पूर्वाधारको जीवन चक्र खर्च (Life Cycle Cost) न्यून गर्न आकस्मिक मर्मत सम्भारको लागि बीमा (Insurance) का साथै नियमित मर्मत सम्भार र उपयोग समय पछिको निर्माणको लागि वार्षिक वृत्त कोष Sinking Fund लगायतका विकल्पहरुको व्यवस्था गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाईनेछ। | ✓ | ✓ | |
| | | ३.१ बहुक्षेत्रगत लगानी योजना (MSIP) तयार गरी प्राथमिकताको आधारमा संघ, प्रदेश र स्थानीय तहको सरकारको स्रोत साधनलाई प्रभावकारी रूपमा परिचालन गर्ने। | (क) अधिकतम सामाजिक तथा आर्थिक प्रतिफल प्राप्त हुने रुपान्तरणकारी शहरी पूर्वाधारको पहिचान र प्राथमिकीकरण गरी बहुक्षेत्रगत लगानीलाई दिशानिर्देश गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) निश्चित मापदण्ड बनाई जनसहभागितामा आधारित जग्गा तथा आवास विकास, बसोबास क्षेत्र सुधार, शहरी पुनरोत्थान र चकलाबन्दी लगायतका योजनाबद्ध बस्ती विकासमा सरकारी लगानी वृद्धि गरी योजनाबद्ध विकास बाहेकका क्षेत्रमा लगानी निरूत्साहित गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) शहरी योजना, वित्तीय संरचना तथा विनियोजन प्रणाली बिच सामञ्जस्य कायम गरी रणनीतिक शहरी पूर्वाधारमा लगानी एवं सहलगानीका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) स्थानीय स्रोत साधन (मानव संशाधन, निर्माण सामग्री, वित्त, ज्ञान, प्रविधि आदि) को पहिचान, समुचित उपयोग र प्रवर्धनबाट शहरको आन्तरिक क्षमता वृद्धि गरी अनुदानमाथिको परनिर्भरता कम गर्दै लगिनेछ। | | | ✓ |
| | | ३.२ वैकल्पिक वित्तीय उपकरणहरू | (क) शहरी पूर्वाधारको विकासबाट घर जग्गा र संरचनामा हुने मूल्य अभिवृद्धि (Value Capture) लाई शहरको आन्तरिक स्रोत बढाउने साधनको रूपमा प्रयोग गरिनेछ। यसका लागि घरजग्गाको मूल्याङ्कनलाई वैज्ञानिक बनाई एकरूपता ल्याउनका लागि स्वचालित प्रणाली | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (Land Value Index) को विकास गर्न सम्बन्धित निकायसँग सहकार्य गरिनेछ । खाली घडेरी (Vacant land) र आधारभूत आवास एकाइ भन्दा बढी क्षेत्रफलको घर निर्माणमा प्रगतिशील करको माध्यमबाट अनुत्पादक क्षेत्रको लगानीलाई निरुत्साहित गरिनेछ । | | | |
| | | | (ख) शहरी पूर्वाधारका लागि जग्गा प्राप्तिमा जग्गा पुनर्समायोजन (Land Readjustment), जग्गा एकीकरण (Land Pooling), सट्टापट्टा, अल्पकालीन स्वामित्व हस्तान्तरण (Lease), जग्गा साझेदारी (Land Sharing), विकास अधिकार हस्तान्तरण (Development Right Transfer), चकलाबन्दी, भूमि बैङ्क जस्ता वैकल्पिक उपायहरु अवलम्बन गर्न आवश्यक कानून र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ । | ✓ | ✓ | ✓ |
| | | र स्रोत साधन परिचालन गर्ने । | (ग) योजनाबद्ध शहरी विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि, सिकाई, नव प्रवर्तनका साथै आर्थिक र भौतिक स्रोत साधन परिचालन गरिनेछ । | ✓ | ✓ | |
| | | | (घ) योजनाबद्ध शहरी विकासका लागि कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, कल्याणकारी कोष, जग्गा विकास चक्रकोष, नगर विकास कोष, विकास प्राधिकरण कोष, सामाजिक सुरक्षाकोष, विप्रेषण लगायत वित्तीय स्रोतको परिचालन गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (ङ) अनुदान मिश्रित ऋण, मिश्रित वित्त (Blended Finance), सार्वजनिक निजी साझेदारी (Public Private Partnership), प्रभावी वित्तीय लगानी (Impact Investment Financing), शहरी ऋणपत्र (Municipal Bond) र सामुदायिक लागत सहभागिता लगायतका वैकल्पिक वित्तीय उपकरणहरू परिचालन गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (च) हरित कोष, जलवायुकोष, विश्व वातावरण सुविधा (Global Environment Facility), विश्व जैविक विविधता कार्य ढाँचाकोष (Global Biodiversity Framework Fund), | ✓ | | |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | हरित उर्जा वित्त साझेदारी सुविधा (Clean Energy Financing Partnership Facility), कार्बन कर्जा (Carbon Credit), Innovation Fund, Adaptation Fund, Loss and Damage Fund) लगायतका विभिन्न अन्तराष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोत माथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गर्न नगर विकास कोषलाई हरित लगानी वाहक (Green Financing Vehicle) को रूपमा प्रवर्द्धन तथा परिचालन गरिनेछ। | | | |
| | | | (छ) शहरी तथा क्षेत्रीय विकासमा अनुभवी तथा सेवा निवृत्त जनशक्तिको ज्ञान, अनुभव र सीपलाई पूँजीकृत गर्न एवं प्रविधि हस्तान्तरणका लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | ३.३ शहरीपूर्वाधारको डिजाइन, निर्माण, सञ्चालन तथा क्षेत्र, स्वदेशी तथा व्यवस्थापनमा निजी, सहकारी, वित्तीय, संस्थागत वैदेशिक क्षेत्र र समुदायको साझेदारितालाई प्रोत्साहन र परिचालन गर्ने। | (क) न्यून आय वर्गलाई सहुलियत सहित शहरी सेवा पूर्वाधारमा लागत असुली (Cost Recovery) को लागि मानक र कार्यविधि तयार गरी लागु गरिनेछ। | ✓ | | |
| | | | (ख) निजी क्षेत्र, विभिन्न कोष, वित्तीय संस्था, संयुक्त राष्ट्रसंघीय निकाय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, विकास साझेदारहरूलाई निश्चित लक्ष्य वा क्षेत्रसँग आबद्ध गरी बृहत्तर परिचालन गरिनेछ। | ✓ | | ✓ |
| | | | (ग) स्थानीय स्तरका शहरी पूर्वाधारको निर्माण र व्यवस्थापनमा लाभग्राही समुदायसँग लागत साझेदारीलाई प्रोत्साहन गरिनेछ। | | | ✓ |
| | | | (घ) शहरी पूर्वाधारका रूपान्तरणकारी आयोजनाहरू प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरिनेछ। | ✓ | ✓ | |
| | | ३.४ अनौपचारिक क्षेत्रका आर्थिक | (क) अनौपचारिक आर्थिक गतिविधि पहिचान गरी शहरी सेवा सुविधामा आबद्ध गरिनेछ। | | | ✓ |
| | | | (ख) पुनःप्रयोग योग्य फोहरमैला र सामाग्रीहरूको सङ्कलन र व्यवस्थापनलाई प्रोत्साहन गर्न नीतिगत सुधार गरिनेछ। | | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| ४. | नीति ४: अन्तर क्षेत्रगत समन्वय र शहरी सुशासन अभिवृद्धि गर्ने । | क्रियाकलाप र रोजगारीलाई शहरी विकासमा आबद्ध गर्ने । | (ग) एक पटक प्रयोग भइसकेका सरसामानहरू (लत्ताकपडा, पुस्तक, विद्युतीय सामग्री, फर्निचर आदि) को सङ्कलन, बिक्री, सट्टापट्टा गरी पुनःप्रयोग गर्ने शहरी सेवा केन्द्रहरूको विकास गरिनेछ । | | ✓ | ✓ |
| | | | (घ) शहरी गरिब तथा कृषकलाई शहर भित्र निश्चित स्थान र समय तोकी स्थानीय उत्पादन र दैनिक उपभोग्य वस्तुहरूको व्यापार व्यवसाय गर्न व्यवस्थित क्षेत्रहरू विकास गरिनेछ । | | | ✓ |
| | | | (ङ) अनौपचारिक क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरी क्रमशःऔपचारिक आर्थिक आबद्धता बढाइनेछ । | | | ✓ |
| | | ४.१ शहरी क्षेत्रमा क्रियाशील सरोकार वालाहरूको क्षमता अभिवृद्धि सहित सिधा सम्पर्क र समन्वय स्थापित गर्ने । | (क) शहरी विकासका असल अभ्यास, सिकाई तथा अनुसन्धानलाई विस्तार एवम् नवप्रवर्तन र सिर्जनशीलताको प्रवर्द्धन गर्दै शहरी क्षेत्रको ज्ञान, सीप, अनुभव र प्रविधिलाई प्रदेश एवम् स्थानीय तहमा हस्तान्तरण गरिनेछ । | ✓ | | |
| | | | (ख) शहरहरूबिचको स्वस्थ प्रतिस्पर्धालाई प्रोत्साहन र असल अभ्यासलाई पुरस्कृत गरिनेछ । सङ्घीय शहरी लगानी एवम् सहलगानीको पूर्वशर्तको रूपमा भौतिक विकासको नियमन, व्यवस्थित जग्गा तथा आवास विकास, वातावरण सुधार, भूमिगत जलसञ्चय तथा फोहर मैला व्यवस्थापन समेतलाई लिने गरी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ । | ✓ | | ✓ |
| | | | (ग) प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार आर्किटेक्ट, प्लानर र अन्य विज्ञ जनशक्तिको उपलब्धता सुनिश्चित गरिनेछ । साना र मझौला स्तरका शहरी योजना तर्जुमा र पूर्वाधार डिजाईनमा आन्तरिक प्राविधिक क्षमता वृद्धि गरी परामर्शदाताको परनिर्भरता कम गर्दै लगिनेछ । | | ✓ | ✓ |
| | | | (घ) नगर विकास समितिहरूलाई विज्ञ समूह (Think Tank) का रूपमा रूपान्तरण गर्न क्षमता अभिवृद्धि गरिनेछ । | ✓ | | ✓ |
| | | | (ङ) शहरी विकासका विविध आयामहरूमा निर्वाचित जनप्रतिनिधिहरू, निजीक्षेत्र, गैर सरकारी संस्था, उपभोक्ताको अभिमुखिकरण, अन्तरक्रिया एवम् सचेतना अभिवृद्धि मार्फत सशक्तिकरण र राजनैतिक प्रतिबद्धता हासिल गरिनेछ । | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (च) अन्तर तह तथा अन्तर निकाय समन्वयका लागि आवश्यक संयन्त्र र एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली (Urban Management Information System: UMIS) स्थापना गरिनेछ । | ✓ | ✓ | ✓ |
| | | | (छ) शहरी क्षेत्रीय वा उपक्षेत्रीय विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ। | ✓ | | |
| | | | (ज) शहरी क्षेत्रमा क्रियाशील निकायहरू बिच ज्ञानको आदान प्रदान, अध्ययन अनुसन्धान, योजना तर्जुमा र कार्यान्वयनमा सहकार्य र समन्वय गर्न नेपाल राष्ट्रिय शहरी मञ्च गठन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | ४.२ तहगत शहरी योजनाको स्वीकृति र कार्यान्वयनको लागि कानूनी आधार सहित स्पष्ट खाका तयार गर्ने। | (क) शहरी स्थलीय योजना तर्जुमा, स्वीकृति, भौतिक विकासको नियमन र कार्यान्वयनको लागि आवश्यक शहरी एवम् बस्ती विकास सम्बन्धी कानून तर्जुमा गरी लागु गरिनेछ। शहरी मामिला र पूर्वाधार विकासलाई समय शहरी सुशासनको अङ्गको रूपमा अगाडि बढाइनेछ। | ✓ | | |
| | | | (ख) शहरी पूर्वाधार विकास र सेवा प्रवाहमा दोहोरो नपर्ने गरी निश्चित सेवा पूर्वाधारको मापदण्ड र निकाय तोकिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) समुदायको अग्रसरतामा स्थानीय परिवेश सुहाउँदो बस्ती विकास, शहरी योजना तथा निर्माण सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन गरी शहरी भौतिक विकासको नियमन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) तराई, पहाड र हिमाली क्षेत्रको विशिष्ट भौगोलिक परिवेशको साथै बस्तीकोआर्थिक आधार र चरित्र (शहरी, अर्ध-शहरी, ग्रामीण) लाई सम्बोधन गर्ने गरी योजना तर्जुमा र मापदण्ड तोकी तहगत शहरी तथा बस्ती विकासको कार्य प्रदेश र स्थानीय तहहरूमा हस्तान्तरण गरिनेछ। | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ङ) भौतिक विकास योजना, संरचनात्मक योजना, एकीकृत कार्यमुलक योजना, आवधिक योजना, रणनीतिक योजना, एकीकृत शहरी विकास योजना जस्ता शहरी योजनाका प्राविधिक शब्दावलीहरूको परिभाषा तथा मानक तयार गरी अवलम्बन गरिनेछ। | ✓ | | |
| | | | (च) Urban Infrastructure Condition Index, City Prosperity Index, Urban Competitiveness Index, Smart City Indicator, Urban Resiliency Report Card, Degree of Urbanization, जस्ता शहरी तथ्याङ्कलाई व्यवस्थित र अद्यावधिक गरी एवम् सरोकारवालाहरूको पहुँचमा ल्याई तथ्याङ्कमा आधारित निर्णय, योजना र लगानीलाई अनुसरण गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | ४.३ एकीकृत एवम् स्वतः स्फूर्त रूपमा शहरी सेवा प्रवाह गर्ने। | (क) डिजिटल नेपाल फ्रेमवर्क अवधारणा अनुरूप सूचना प्रविधिको उच्चतम उपयोग गर्दै शहरी सूचना पहुँच र शहरी सेवा प्रवाह थप प्रभावकारी बनाइनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) सरकारी कार्यालय परिसरहरूलाई क्रमशः एकीकृत बनाउँदै लगिनेछ। त्यसै गरी यातायात ट्रान्जिट एवम् घना बस्तीको केन्द्रमा शहरी सेवा केन्द्र मार्फत सार्वजनिक सेवा प्रदान गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ग) घर जग्गाको कारोबारलाई व्यवसायिक, पारदर्शी, प्रतिस्पर्धी र जवाफदेही बनाउन उद्योगको रूपमा विकास गरिनेछ। साथै, घरजग्गा व्यवसायलाई एकद्वार प्रणालीबाट नियमन गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (घ) शहरी सेवा प्रवाहको सन्दर्भमा गुनासो सम्बोधन गर्नका लागि स्थानीय तहमा प्रभावकारी गुनासो सम्बोधन संयन्त्र स्थापना गरिनेछ। | ✓ | | ✓ |
| | | ४.४ शहरी योजना तथा पूर्वाधार शासनलाई समावेशी बनाउने। | (क) आवास विहीन तथा शहरी गरिबका सवालहरूको सम्बोधन गर्न आधारभूत सेवा र पूर्वाधारको पहुँच प्रवर्धन गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ख) शहरी विकासमा आदिवासी जनजाति लगायत विशेष समुदायको सामाजिक, साँस्कृतिक एवम् वातावरणीय अधिकारहरूको सम्मान तथा सम्बर्द्धन गरिनेछ। | ✓ | ✓ | ✓ |

| सि. नं. | नीति | रणनीतिहरु | कार्यनीति | नीति कार्यान्वयनको भूमिका | | |
|---|---|---|---|---|---|---|
| | | | | सङ्घ | प्रदेश | स्थानीय तह |
| | | | (ग) शहरी निर्णय प्रक्रिया र लाभ वितरणमा सबै वर्गलिङ्ग र समुदायको सूचनामा पहुँच सहित सहभागिता सुनिश्चित गरिनेछ। साथै युवा वर्गको ज्ञान, सीप, सिर्जनशीलता पहिचान गरी शहरी विकास प्रक्रियामा मूल प्रवाहीकरण गरिनेछ। | ✓ | | |
| | | | (घ) साविकका बासिन्दाहरू विस्थापित नहुने गरी जग्गा पुनःसमायोजन वा उचित मुआव्जाको व्यवस्था गरी शहरी पूर्वाधारका लागि आवश्यक जग्गा प्राप्त गरिनेछ। | ✓ | ✓ | ✓ |
| | | | (ङ) शहरी पूर्वाधारहरूको रेखदेख, मर्मत सम्भार र व्यवस्थापनमा समुदाय र खास गरी सीमान्तकृत वर्गको क्षमता अभिवृद्धि र अपनत्व सहित परिचालन गरिनेछ। | | | ✓ |
| | | | (च) शहरी पूर्वाधारहरूको वातावरणीय परीक्षणका साथै समावेशिता र पहुँच योग्यता परीक्षण गरिनेछ। | | | ✓ |

## अनुसूची २: स्थलीय योजना र शहरी विकास सम्बन्धी शब्दावलीहरू


- **शहर (City)** मानव बसोबासको उच्चतम रूप हो जसले मानिसका लागि वस्न, काम गर्न र मनोरञ्जनको सुविधा प्राप्त गर्न स्थल (Space) प्रदान गर्दछ। उच्च जनघनत्व र निर्मित-वातावरणको सघनता भएको उच्चस्तरको सेवा/पूर्वाधार र आर्थिक क्रियाकलापको केन्द्र शहर हो। विभिन्न भू-उपयोग (Land Uses), भवन तथा निर्मित क्षेत्र (Built-up Areas), मानिस/वस्तु तथा सेवाको आवागमन (Mobility), र सेवा सुविधा (Services & Facilities) शहरका प्रमुख अवयवहरू हुन। शहरहरू अन्तर-सन्जाल प्रणाली (Network) मा कार्य गर्दछन्। शहरहरू र पृष्ठ प्रदेशका अन्तरनिर्भर बस्तीहरू तथा उत्पादन प्रणाली, मानव तथा सेवा र वस्तुको आवागमन र विनिमयले यसमा काम गरिरहेको हुन्छ। शहरको पनि जीवन प्रणाली हुन्छ, शहरहरू जन्मन्छन्, विकास र विस्तार हुन्छन् र दिगो व्यवस्थापन हुन सकेन भने मृत शहरमा परिणत समेत हुन्छन्। भौतिक निर्माणले मात्रै शहर बन्दैन; यो आर्थिक सामाजिकरुपमा गतिशील हुनुपर्छ। यसर्थ, शहरको योजना, निर्माण/नियमन र व्यवस्थापन आफैमा जटिल, बहुआयामिक र बहुसरोकारको विषय हो। यसले सुदृढ संस्थागत व्यवस्था सहित एकीकृत र समन्वयात्मक विकासको अपेक्षा गर्दछ।
- **शहरी क्षेत्र (Urban Area)** भन्नाले नेपालको सन्दर्भमा कम्तीमा पाँच हजार जनसङ्ख्या र १० व्यक्ति प्रति हेक्टर जनघनत्व भएको, १० वर्ष भन्दा माथिका कुल जनसङ्ख्या (विद्यार्थी बाहेक) मध्ये कम्तीमा ५० प्रतिशत गैर-कृषि आर्थिक क्रियाकलापमा आबद्ध रहेको र क्रमबद्ध रूपमा भौतिक विकास एवम् विस्तार भएको बस्ती भनि राष्ट्रिय शहरी नीति, २०६४ ले परिभाषित गरेको छ। यसमा बजार केन्द्र, साना शहर, मझौला शहर देखि महानगरसम्म समेटिएको हुन्छ भने कानून बमोजिम घोषणा गरिएको शहरी क्षेत्र र त्यसको व्यवस्थापन सम्बन्धी संरचनालाई नगरपालिका (Municipality) मानिएको छ। विभिन्न राष्ट्रहरूमा शहरको परिभाषा फरक फरक भएको सन्दर्भमा, संयुक्त राष्ट्रसंघ आर्थिक तथा सामाजिक परिषद् (UN-ECOSCO) ले विश्वव्यापी रूपमा शहरलाई परिभाषित गर्ने क्रममा लिइएको आधार अनुसार शहरीकरणको श्रेणीगत वर्गिकरण (Degree of Urbanization-

DEGURBA) ले ५०,००० जनसङ्ख्या तथा न्यूनतम १५०० प्रति वर्ग कि.मी. जनघनत्व भएकोलाई शहरी केन्द्र, तथा ५००० जनसङ्ख्या तथा न्यूनतम ३०० देखि १५०० प्रति वर्ग कि.मी. जनघनत्व भएकोलाई अर्ध-शहरी क्षेत्र मानेकोछ।

- **शहरीकरण (Urbanization)** ग्रामीण बस्तीको रूपान्तरण, शहरको स्थापना र विस्तारको प्रक्रिया हो । नेपालको वर्तमान सामाजिक, आर्थिक, राजनैतिक परिवेशका कारण ग्रामीण क्षेत्रहरूबाट अत्यधिक बाह्य बसाइँसराइका कारण तीव्र शहरीकरण भइरहेको हुँदा यसको समुचित व्यवस्थापन अत्यावश्यक देखिएको छ।
- **शहरी प्रणाली (Urban System)** आर्थिक गतिविधि, सूचनाको आदान प्रदान, मानिसहरूको आवागमन, र वस्तु तथा सेवाको विनिमयको माध्यमबाट एक अर्कामा निर्भर रहने शहर तथा बस्तीहरूको विस्तृत रुप हो । शहरी प्रणालीमा अन्तरनिर्भरतामा रहेका पृष्ठ प्रदेशका भूभाग, बजार केन्द्र, साना शहर, मझौला शहर लगायत ठूला शहरी आर्थिक केन्द्रहरू रहन्छन् । यस्तो प्रणालीमा अन्तर्निहित शहरहरू तथा बस्तीहरू एक अर्काको निर्भरता सहित वृद्धि वा गिरावटको प्रक्रियामा रहन्छन् । शहरी प्रणालीको अध्ययन शहरको स्थानीय विस्तार वा यसको आन्तरिक संरचनासँग मात्रै सम्बन्धित छैन । यसले शहरहरूलाई संजाल (Network) को रूपमा हेरेर अन्तर-शहरी सम्बन्धहरूमा जोड दिन्छ। देशभित्र राष्ट्रिय, प्रादेशिक/उपक्षेत्रीय र स्थानीय शहरी प्रणालीहरू रहेका हुन्छन्।
- **शहरी स्वरूप (Urban Structure)** ले शहरी क्षेत्र भित्रको विभिन्न भूउपयोग, जनघनत्व, पूर्वाधार र निर्मित वातावरणको स्थलीय अवस्थालाई जनाउँदछ। यसले आवासीय, व्यावसायिक, उत्पादन र मनोरञ्जन क्षेत्रहरू, यातायात सञ्जाल, सार्वजनिक स्थलहरू र आर्थिक गतिविधि र सामाजिक अर्न्तक्रियाबाट सिर्जित समग्र भौतिक रूपरेखालाई समेट्छ। प्रभावकारी शहरी योजना र व्यवस्थापनको लागि शहरी संरचना बुझ्नु महत्वपूर्ण छ किनकि यसले आर्थिक गतिविधि, सामाजिक/सांस्कृतिक अन्तरक्रिया र वातावरणीय दिगोपन सहित शहरी जीवनका विभिन्न पक्षहरूलाई प्रभाव पार्दछ । शहरहरूमा मौलिकता र विविधता अनुसार तहगत सडक तथा पदमार्ग,

किनारा, चोक, ब्लक र स्मारक (Paths, Edges, Districts, Nodes, and Landmarks) हरू रहेको हुन्छ । विशिष्ट र मौलिक निर्मित वातावरणका कारण नेपालमा सयौंको संख्यामा ऐतिहासिक, सांस्कृतिक सम्पदा बस्तीहरू रहेका छन् । तिनको मौलिक प्रारुपको संरक्षण र प्रवर्धन गर्नु आजको प्रमुख चुनौति रहेको छ ।

- **शहरी पूर्वाधार अवस्था सूचक (Urban Infrastructure Condition Index- UICI)** राष्ट्रिय शहरी विकास रणनीति, २०७३ ले तय गरेको नेपालका शहरहरूको विद्यमान पूर्वाधारको अवस्था निर्धारण र तुलनात्मक अध्ययनको साधन हो । यसमा शहरहरूको भवन तथा निर्मित वातावरण, सडक, खानेपानी तथा सरसफाई, उर्जा, फोहरमैला व्यवस्थापन आदिको अध्ययन गरिन्छ । आ.व. २०८१/८२ मा शहरी विकास तथा भवन निर्माण विभागले गरेको एक अध्ययनबाट नेपालका शहरहरूको पूर्वाधार अवस्था सूचकमा निकै विविधता देखिएकोछ । १०० पूर्णाङ्कको मापनमा काठमाडौं महानगरपालिकाको अंकभार ८९.२२ छ भने बझाङ जिल्लाको बुंगल नगरपालिकाको अंकभार १६.५८ देखिएको छ । नेपालका २९३ नगरपालिकाहरूको औसत UICI ४१.४५ देखिएको छ भने ५० भन्दा बढी अंक भार ल्याउने नगरपालिकाहरूको संख्या जम्मा ७० रहेकोछ ।
- **स्थलीय योजना (Spatial Planning)** भूमिको कुशलतापूर्वक प्रयोग र नियमनमा आधारित विकास दिशानिर्देश गर्ने साधन हो । क्षेत्रीय तथा शहरी योजना (Regional and Urban Planning), बसोवास योजना (Settlement Planning) वा भौतिक विकास योजना (Physical Development Planning) वा स्थानीय योजना पनि भनिने स्थलीय योजनाले भूमिमा हुने भौतिक हस्तक्षेपहरू (Physical Interventions) को सामाजिक, आर्थिक र वातावरणीय प्रभावहरूलाई समन्वय गर्दछ । साथै, भूउपयोगमा दिगो र नैतिक (Ethical) तरिका अबलम्बन गर्न प्रेरित गर्दछ ।


URBAN SYSTEM OF NEPAL AND ITS REGIONAL SETTING (SCHEMATIC)
(Based on NUDS, 2017)
This schematic map aims to show the complex road networks, urban regions, settlements, evolving urban systems and regional setting of Nepal in a simplified form. This map is not in scale and the locations are relative, hence should not be interpreted in terms of ground distance, existing topography and terrain.
N
CHINA
CHINA
NEPAL
INDIA
INDIA
INDIA
Zhongba
Baga (Mansarobar)
Burang
Shigatse
Gamba
Tingri
Kerung
Zhangmu
Dinggye
Geyzing
Darjeeling
Almoda
Pithoragadh
Nainital
Tanakpur/ Banbasa
Pilibhit
Gauriphant
Nanpara
Barhni
Nautanwa
Raxaul
Pupri
Jogbani
Gorakhpur
Muzaffarpur
Darbhanga
Katihar
Shahjahanpur
Ayodhya (Faizabad)
Bareilly
Lucknow
Kanpur
Allahbad
Varanasi
Patna
Bhagalpur
TO DEHRADUN /DELHI
TO DELHI
TO AGRA/DELHI
Hilsa
Simikot
Gamgadhi
Lo Manthang
Rasuwagadhi
Kodari
Lamabagar/Lapchegaun
Kimanthanka
Olangchungola/Gharila
Tinkar
Dharchula
Api(Darchula)
Jayaprithivi
Martadi
Jumla
Manma
Dunai
Jajarkot
Rakam Karnali
Chaur Jhari
Mangalsen
Dashrathchanda
Amargadhi
Patan
Dipayal
Saphebagar
Birendranagar
Narayan
Musikot
Liwang
Burtibang
Baglung
Putalibazar
Tamghas
Waling
Tansen
Ridi
Ghorahi
Pyuthan
Tulsipur
Salyan
Surkhet Valley
Dang Valley
Jogbuda
Budar
Chhinchu
Bhimdatta
Lamki-Chuha
Kohalpur
Chanauta
Butwal
Attariya
Dhangadhi
Belauri
Tikapur
Gulariya
Nepalgunj
Lamahi
Krishnanagar
Kapilbastu
Bhairahawa
Jomsom
Beni
Chame
Besisahar
Gorkha
Dhadingbesi
Pokhara Valley
Lekhnath
Byas
Dumre
Mugling
Baireni
Galchhi
Thaha
Sunawal
Kawasoti
Rampur
Devchuli
Chitwan Valley
Hetauda Valley
Ratnanagar
Ramgram
Birgunj
Dhunche
Bidur
Chautara
Barhabise
Bhimeshwor
Dolalghat
Kathmandu Valley
Dhulikhel
Panauti
Chhaimale
Malta
Chhatiwan
Chandra Nigahpur
Nijgadh
Kalaiya
Gaur
Jiri
Manthali
Ramechhap
Khurkot
Sindhuli Valley
Bardibas
Janakpur
Jaleshwor
Salleri
Okhaldhunga
Ghurmi
Katari
Mirchaiya
Siraha
Diktel
Udaypur Valley
Lahan
Rajbiraj
Chatara
Phattepur
Rupani
Inaruwa
Biratnagar
Basantapur
Khadbari
Chainpur
Dhankuta
Dharan
Itahari
Taplejung
Phidim
Ilam
Daduwachok
Pashupatinagar
Birtamod
Damak
Kakadvitta
Rangeli
Bhadrapur